# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्तिको सर्वाङ्गीण विकासका लागि शिक्षा आधारशिला हो । सफल र प्रभावकारी शिक्षाले समाजसापेक्ष परिर्वतनलाई दिशानिर्देश गर्छ । शिक्षाले व्यक्तिलाई स्वावलम्वी बनाई राम्रो चरित्रको विकास गर्दछ । समाज र राष्ट्रको आवश्यकता पूरा गर्न तथा देशको सर्वाङ्गीण विकासका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपाल बहुविविधतायुक्त राष्ट्र हो । यहाँको भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न सक्दैन । त्यस्तै देश विकासका लागि विभिन्न पक्षमा नागरिकहरुको स्वामित्व र सहभागिता आवश्यक हुन्छ । यसै सन्दर्भमा शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुची, आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता, स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गरिन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधाराणाको पाठ्यक्रम सुधार पद्वति अनुरुप स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न स्थानीय सरोकारावालाहरुको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६५) ।

वर्तमान एकाइसौं सताब्दी विश्वव्यापीकरणबाट प्रभावित यूग हो । तथापी यस जातिय वैशिष्ट्यता, राष्ट्रियता, पहिचान, भाषा, संस्कृति, मौलिकता, आदि पहिचानका लागि आन्दोलित यूग समेत हो । आफ्नो संस्कृति,माटो र स्वाभिमानता वीचको मिलन विन्दुका लागि जुनसुकै देशको शिक्षाले काम गर्नु पर्दछ ।

'थिङक ग्लोवल्ली एक्ट लोकल्ली' भन्ने विश्वव्यापी नाराले अहिले अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीय विषयवस्तुलाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गरिनु पर्छ भन्ने मान्यतालाई स्वीकार गर्दै पाठ्यक्रममा केही निश्चित अंश स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, स्थानीय परिवेशलाई समेट्ने सैद्धान्तिक मान्यतामा सहमति गर्दै शैक्षिक विकेन्द्रीकरणको अवधारणा पाठ्यक्रम सुधार पद्वति अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायहरुलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिइ शिक्षामा सुधार गर्न सकिने कुरामा जोड दिएको पाइन्छ (वराल, २०६६) ।

विद्यार्थीहरुमा निश्चित ज्ञान, सीप र धारणाको विकास गराउनका लागि विद्यालयले सञ्चालन गर्ने शैक्षणिक क्रियाकलापको योजना पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय उद्देश्यलाई कक्षागत र विषयगत रुपमा रुपान्तर गर्न विद्यालयले औपचारिक रुपमा प्रयोग गर्ने दस्तावेज पाठ्यक्रम हो । पाठ्यक्रमको अर्थ प्रष्ट पार्न केही विद्वानहरुको परिभाषा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

"विद्यालय तथा शिक्षकहरुद्धारा शिक्षाका उद्धेश्यहरु प्राप्तिका लागि गरिने योजना तथा निर्देशन अनरुपका अनुभवहरु, जुन विद्यार्थीले प्राप्त गर्छन, त्यो नै पाठ्यक्रम हो" यूनेस्को) । "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो" (रा.शि.प.यो. २०२८) ।

यसरी पाठ्यक्रम भन्नाले शिक्षाका लक्ष्य प्राप्तिका लागि विद्यालयद्वारा तयार पारिने योजनावद्ध तथा निर्देशित लिखित दस्तावेज वुझिन्छ ।

केन्द्रीय निकायद्धारा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने पाठ्यक्रम नै केन्द्रीय पाठ्यक्रम हो । केन्द्रीय पाठ्यक्रम खास स्थान विशेषको आवश्यकतामा मात्र आधारित नभई औषत राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी तयार हुने भएकाले यस प्रकारको पाठ्यक्रमले स्थानीय आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्दैन (स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना समाग्री २०६५) ।

केन्द्रीय स्तरमा बन्ने पाठ्यक्रमले व्यक्ति, समाज, राष्ट, र अर्न्तराष्ट्रिय मागलाई सम्बोधन गर्नु पर्ने भएकाले हाम्रो जस्तो भौगोलिक, जातिय, भाषिक र सांस्कृतिक विविधतालाई समेटेर पाठ्यक्रम निर्माण गर्नु चुनौति रहेको छ । यी विविध पक्षहरुलाई पाठ्यक्रममा समावेशीकरण गर्न स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको देखिन्छ ।

स्थानीय सरोकारवालाहरुको आवश्यकता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।

नेपालमा वि.स. २०४९ सालको प्राथमिक शिक्षाको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा वा स्थानीय आवश्यकताका आधारमा विषयबस्तुलाई समेटेर स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको पाइन्छ । त्यसै गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा समेत स्थानीय पाठ्यक्रमको थप व्यवस्था गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ मा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएवमोजिम

आफ्नो मातृभाषामा आधारभूत शिक्षा लिन पाउने व्यवस्था गरेको छ भने शिक्षा ऐन, २०२८ मा प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिने कुरा उल्लेख छ ।

स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रर्दशनका सिद्धान्तहरु तयार गर्ने, स्थानीय पाठ्क्रमका लागि विषयवस्तु छनौट देखि लिएर सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ भने माद्यमिक शिक्षा सहयोग कार्यक्रम मूलदस्तावेजमा मा.वि. तहमा पनि १०% स्थानीय विषयवस्तुको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) मा १५% भाग स्थानीय विषयवस्तु समेटेर पाठ्यक्रम निर्माण गर्न सकिने कुरा उल्लेख गरेको छ ।

आदिवासी, अल्पसंङ्ख्यक भाषिक समुदायलाई शिक्षाको पंहुचमा ल्याउन विद्यालय पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई वालवालिकाहरुको दैनिक जीवन संग वढी सान्दर्भिक गराउन पाठ्यक्रममा २०% अंश स्थानीय परिस्थिती र वातावरणमा आधारित हुनु पर्ने कुरामा जोड दिएको पाइन्छ (सवैका लागि शिक्षा, २००४-२००९) ।

प्राथमिक तहमा स्थानीय पाठ्यक्रम सम्बन्धी व्यवस्था

| क.सं. | विषय | केन्द्रले तोकेको विषयवस्तुको अंश | स्थानीय तहबाट तोक्ने विषयवस्तुको अंश |
|---|---|---|---|
| १ | स्थानीय विषय (स्थानीय तहबाटै छनौट हुने र एक विषय) | - | १०० % |
| २ | सामाजिक अध्ययन | ८० % | २० % |
| ३ | शारीरिक शिक्षा | ८० % | २० % |
| ४ | सिर्जनात्मक कला | ८० % | २० % |

स्रोत : स्थानीय पाठ्यक्रम निर्देशिका (२०६५) ।

नेपालको विभिन्न जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । लमजुङमा कृषि तथा जडिबुटी ज्ञानमाला, पर्वतमा फलफूल खेती, धनकुटामा तरकारी खेती, स्थानीय खेल, वन, चित्रकला र हस्तकला, कपिलवस्तुमा तरकारी खेती, धार्मिक तथा ऐतिहासिक स्थल, परालबाट बन्ने सामाग्री र स्थानीय खेल, धादिङमा तरकारी खेती, फलफूल खेती, खोटाङमा हलेसी महादेव, सिन्धुलीमा हायु भाषा, रसुवामा

आलु खेतीको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरेको पाइन्छ (स्थानीय पाठ्यक्रम निर्देशिका, २०६५) ।

यसरी नेपालका केही जिल्लाहरुमा स्थानीय पाठ्यक्रम र कार्यान्वयन गरिएको भएतापनि अधिकांश जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण मात्र गरिने तर कार्यान्वयन नहुने भइहाले तापनि त्यसको प्रभावकारीता मूल्याङ्कन नहुने भएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग व्यवस्थापन कस्तो छ भनी ठ्याक्कै भन्ने अवस्था छैन् । त्यसैले यस शोधकर्ताले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको व्यवस्थापन सम्बन्धमा अध्ययन गर्नु सान्दर्भिक ठानेको छ ।

## १.२ समस्याको कथन

यस अध्ययनका लागि समस्याका कथनहरु निम्नानुसार राखिएका छन् ।

क) सामुदायिक प्राथमिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था कस्तो छ ?

ख) सामुदायिक प्राथमिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको व्यवस्थापन कसरी गरिएको छ ?

## १.३ अध्ययनको औचित्य

यस अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोगको व्यवस्थापन संग सम्वन्धित रहेर गरिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ ले प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको भएतापनि स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयन उचित रुपमा भएको देखिन्दैन । यो देशकै एउटा जटिल एवं गम्भिर चुनौति एवम् समस्या वनेको छ । नेपालका केही विद्यालयहरुमा स्थानीय पाठ्यक्रमका रुपमा स्थानीय विषयवस्तु, केही विद्यालयहरुमा मातृभाषा शिक्षण गरिएको पाइन्छ र अधिकांश विद्यालयहरुमा अङ्ग्रेजी विषयलाई नै अध्यापन गरिनुले स्थानीय पाठ्यक्रमको मर्ममा नै कुठाराघात गरेको देखिन्छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सरकारले विभिन्न शिर्षकहरु जस्तैः स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्वन्धि तालिम, तालिम प्याकेज आदिमा खर्च समेत गरेको अवस्था छ तर विद्यालयहरुले भने स्थानीय पाठ्यक्रम निर्माण गर्ने तर कार्यान्वयन अर्थात शिक्षण चाँही अङ्ग्रेजी विषय गरिनुले ठूलो समस्या नै खडा भएको छ । त्यसैले यस अध्ययनमा स्थानीय

पाठ्यक्रम निर्माण र प्रयोगको व्यवस्थापन सम्बन्धमा अध्ययन गरी त्यसमा आइपर्ने समस्याहरुको पहिचान गरी व्यवस्थापन गर्ने प्रयत्न गरिएको छ ।

तसर्थ स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनमा के कस्ता समस्या तथा चुनौतिहरुका कारण निर्माण र प्रयोग नभएको हो भन्ने जस्ता जिज्ञासहरुको उतर खोज्ने कार्य यस अध्ययनबाट गरिएको छ । यस अध्ययनले स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनका क्रममा देखा परेका समस्याहरु पत्ता लगाई उचित व्यवस्थापनका उपायहरु खोज्न प्रयास गर्ने हुनाले शिक्षा योजनाकार, शिक्षा विद्ध, प्रशासनिक व्यक्तिहरु, स्रोत व्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारीहरु, स्थानीय निकायका पदाधिकारीहरु, अभिभावक, विद्यार्थी वर्ग तथा यस अध्ययन संग सम्बन्ध राख्ने जो कोहीलाई फाइदा पुग्ने छ ।

**१.४ अध्ययनको उद्देश्यहरु**

कुनैपनि विषयमा अध्ययन गर्नका लागि उद्देश्यहरु तय गर्नु पर्ने हुन्छ । यस अध्ययनका उद्देश्यहरुलाई निम्न बमोजिम राखिएको छ ।

क) केन्द्रीय तहमा स्थानीय पाठ्यक्रम सम्बन्धमा गरिएको व्यवस्था अध्ययन गर्ने ।

ख) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निमार्णको अवस्था अध्ययन गर्ने ।

ग) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम प्रयोगको अवस्था अध्ययन गर्ने ।

घ) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु पत्ता लगाउने ।

ङ) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण प्रयोगमा आइपर्ने समस्याहरुको उचित व्यवस्थापनका उपायहरु पत्ता लगाउने ।

**१.५ अनुसन्धानात्मक प्रश्नहरु**

कनैपनि विषयमा अध्ययन गर्न उद्देश्यहरु तय भइसके पछि समस्या संग सम्बन्धित कस्ता कस्ता प्रश्नहरु समावेश छन्, तिनका उत्तरहरु खोज्न अनुसन्धानात्मक प्रश्नहरु तयार पार्नु पर्दछ । यस समस्या संग निम्न अनुसन्धानात्मक प्रश्नहरु तल तोकिएका छन् ।

१. केन्द्रीय तहमा स्थानीय पाठ्यक्रमको निमार्ण र प्रयोगको व्यवस्था कस्तो छ ?

२. प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निमार्ण कसरी भइरहेको छ ?

३. प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको प्रयोग कसरी भइरहेको छ ?

४. प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको व्यवस्थापन कसरी भइरहेको छ ?

## १.६ अध्ययनको परिसीमा

सीमित स्रोत, साधन र समयका कारण यसको क्षेत्र सानो भएकाले यी ६ वटा विद्यालयले नेपालको प्राथमिक तहको प्रतिनीधित्व गर्नु पर्ने तथा यस अध्ययनको विश्वसनियता र वैधता समेत गणितिय रुपमा परिक्षण नगरिने भएकाले यसका निष्कर्षहरुलाई अक्षरस अन्यत्र सामान्यीकरण गर्न सकिन्दैन ।

परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा स्थानीय विषय (स्थानीय तहबाट छनोट हुने एक विषय) १००%, सामाजिक अध्ययन अन्तर्गत २०%, शारीरिक शिक्षा अन्तर्गत २०% र सिर्जनात्मक कला अन्तर्गत २०% अंशको विषयवस्तुको निर्धारण गरेको छ । ती सवै क्षेत्रहरुलाई यस अध्ययनमा समेट्न नसक्ने हुनाले १००% को स्थानीय विषयको पाठ्यक्रमलाई सिमित गरी अध्ययन गरिने छ ।

यस अध्ययनमा इलाम जिल्लाको बौद्धधाम स्रोत केन्द्र अन्तरगतका ६ वटा विद्यालयलाई छनौट गरी स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्था सम्बन्धमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.७ पारिभाषिक शब्दहरुको परिभाषा

यस अध्ययनको प्रयोजनका लागि केही पारिभाषिक शब्दहरुको अर्थ देहाय बमोजिम रहेको छ ।

स्थानीय पाठ्यक्रम : स्थानीय सरोकारवालाहरुको आवश्यकता, चाहाना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण तथा कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।

सामुदायिक विद्यालय : नेपाल सरकारबाट विद्यालयको सम्पूर्ण खर्च व्यहोर्ने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई वुझाउँछ ।

अभिभावक : दुवै बाबुआमा तथा बाबुआमा नभएको खण्डमा संरक्षकत्व दिनेलाई बुझाउँछ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

उपाध्याय (२०६५) ले शैक्षिक योजना तथा व्यवस्थापन समाजबाट प्रकाशित EPMAN जर्नल अन्तरगत शैक्षिक विकेन्द्रीकरणको आवश्यक्ता र समस्या सम्बन्धि लेखमा उनले शैक्षिक योजना केन्द्रीय नीति, नियम तथा निर्देशन अनुसार सञ्चालित हुनुलाई प्रशासनिक केन्द्रीकरण आर्थिक अधिकार कार्यान्वयनको अधिकार, निर्णयको अधिकार तथा उत्पादन एवं उपयोगको अधिकार स्थानीय स्तरमा हस्तान्तरित भई केन्द्रीय अधिकार प्रत्यायोजित हुनलाई विकेन्द्रीकरण हो । नेपालको सन्दर्भमा सम्पूर्ण शैक्षिक नीति, नियम तथा योजना केन्द्रीय रुपमा बनि स्थानीय स्तरमा कार्यान्वयन गर्नु पर्दा स्थानीय स्रोत, साधनहरुको उचित परिचानलन हुन नसक्ने र त्यस्ता योजनाले स्थानीय आवश्यकता र जनआकांक्षालाई सम्बोधन गर्न समेत नसक्ने कारण शैक्षिक क्षेत्रमा सरोकारवालाहरुको न्यून सहभागिताले शैक्षिक गुणस्तरमा समेत नकरात्मक प्रभाव पारेको यथार्थता रहेको छ । शिक्षाको खस्कदो गुणस्तरलाई मध्यनजर गर्दै गुणस्तर वृद्धि गर्न अनि स्थानीय आवश्यक्ता र जनचाहनालाई सम्बोधन गर्न, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न सरोकारवालाहरुको सहभागीता वृद्धि गर्नु पर्ने हुन्छ जसका लागि शैक्षिक विकेन्द्रीकरण एउटा कोसेढुङ्गा हुने कुरामा जोड दिएको पाइन्छ ।

देशमा विद्यमान रहेको केन्द्रीकृत शासन प्रणाली एवं केन्द्रीकृत शैक्षिक प्रणालीले शैक्षिक क्षेत्रमा न्याय दिन नसकेको अवस्थामा शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या वर्तमान अवस्थामा राज्यको स्वरुप निर्धारण गर्न तथा शैक्षिक नीति नियम तर्जुमा गरी शैक्षिक विकेन्द्रीकरणका लागि महत्वपूर्ण योगदान गर्न सक्छ । शैक्षिक विकेन्द्रीकरणले भौगोलिक, क्षेत्रिय, जातिय, भाषिक, लैङ्गिक, वर्गिय जस्ता पक्षहरुलाई न्याय प्रदान गर्न सक्छ भन्ने तर्क प्रस्तुत गरेको छ । शैक्षिक विकेन्द्रीकरणले स्थानीय स्रोत, साधन र मानव संसाधनलाई स्थानीय रुपमा परिचालन र खपत गर्ने तर्फ जोड दिएको पाइन्छ । शैक्षिक केन्द्रीकरणका कारण स्थानीय स्तरमा सरोकारवालाहरुको कम चासो र न्यून सहभागिताका कारण विद्यालय व्यवस्थापन र परिचालन गर्न जटिल भएको अवस्थामा शैक्षिक विकेन्द्रकरणले विद्यालय क्षेत्रमा सरोकारवालाहरुको चासो वृद्धि हुने र सहभागिता बढाउन सकिने हुनाले विकेन्द्रीकरणले शैक्षिक गुणस्तर बढाउन सहयोग गर्ने तर्फ जोड दिएको छ ।

शैक्षिक विकेन्द्रीकरणमा खर्चको उत्तरदायित्व, राजस्व संकलनको जिम्मेवारी, अन्तरनिकाय वितिय हस्तान्तरण, ऋण लिने व्यवस्थामा स्वतन्त्रता हुने हुनाले आर्थिक तथा वितिय स्वतन्त्रता स्थानीय तहलाई दिनुपर्नेमा जोड दिएको पाइन्छ । स्थानीय भौगोलिक सिमा भित्र रहेका जनताहरुको आवश्यकता, चाहाना एवं शैक्षिक चेतनालाई समेटी उनीहरुकै सहभागितामा उनीहरुको हित र समुन्नतिका लागि स्थानीय स्तरमा शैक्षिक विकेन्द्रीकरण गरिने हुनाले कार्यन्वयन, उत्पादन र उपभोग सहभागिताको आवश्यक्ता हुने तर्फ जोड दिनु पर्छ । शैक्षिक विकेन्द्रीकरणले देशका विभिन्न क्षेत्र, भुगोल, जातजाति, भाषाभाषी, धर्म, लिङ्ग वर्ण समुह एवं समुदायलाई शैक्षिक न्याय दिन सक्ने भएतापनि सामाजिक संरचना, देशको केन्द्रीकृत शासन प्रणाली, परम्परागत शोच र शैली जस्ता पक्षमा परिवर्तन नहुदा, शैक्षिक विकेन्द्रीकरण योजना र प्रशासनिक विकेन्द्रीकरणमा समस्या हुने तर्फ जोड दिएको पाइयो ।

शिक्षामा समावेशीकरण, सामाजिक समावेशीकरण तथा समावेशी प्रजातन्त्रमा समान तवरबाट नीति नियम, निर्देश तयार तथा कार्यन्वयन हुने हुंदा सामाजिक समावेशीकरण तथा समावेशी प्रजातन्त्रमा समाहिन गर्न गाह्रो पर्ने कुरामा जोड दिइने हुनाले शैक्षिक विकेन्द्रीकरणमा व्यक्ति विशेषको बहुल्यता हुने हुँदा विकेन्द्रीकरणमा शुशासन नहुने सम्भावना तर्फ सचेत हुन गराएको पाइन्छ । स्थानीय स्तरमा भएको स्रोत साधन, जनशक्ति र शक्ति पृथकीकरण वा प्रत्यायोजित अधिकार बीच सन्तुलन नहुन सक्छ । जसले जनशक्ति तथा स्रोतसाधनको प्रत्यायोजित अधिकारको दुरुपयोग हुनसक्ने हुनाले दक्ष जनशक्ति र प्रत्यायोजित अधिकार माथि तालमेल नभएमा विकेन्द्रिकरणको प्रभाव नकरात्मक हुने, शैक्षिक विकेन्द्रीकरणका काम कार्यविधिहरु पारदर्शी नहुदा समस्या आउने, स्थानीय तहका कार्यान्वयन कर्ता अनुशासनहीन भएमा विकेन्द्रीकरणको प्रभावकारी सेवा, सुविधा र सदुपयोग राम्रो हुन सक्तैन । स्थानीय आवश्यकता र चाहानालाई जोड दिइने हुनाले विश्वव्यापिकरणको प्रभावबाट टाढा रहन सक्तछ । त्यसकारण वैज्ञानिक प्रविधिलाई केन्दीकृत माध्यमबाट सदुपयोग नगर्ने हो भो समयानुसार स्थानीय विकासको गति ढिलो हुने सम्भावना तर्फ सचेत गर्नु पर्ने हुनाले विकेन्द्रीकरणलाई थिङ्क ग्लोवल्ली एक्ट लोकल्लीमा जोड दिएमा यसको प्रभावकारिता सकारात्मक हुनेतर्फ जोड दिएको पाइयो ।

उपाध्यायले विकेन्द्रीकरणका शैक्षिक विकेन्द्रीकरण गर्दा आइपर्ने समस्याहरु समेत उल्लेख गरी विकेन्द्रीकरणका प्रक्रियामा आइपर्ने सवल र दुर्वल पक्षहरुलाई मध्यनजर गर्दै

राष्ट्रको शैक्षिक नीतिलाई शैक्षिक विकेन्द्रीकरण गर्न या महत्वपूर्ण भूमिका निवार्ह गर्न सक्ने देखिने कुरामा जोड दिएको पाइन्छ । शैक्षिक विकेन्द्रीकरणका अवधाराणले स्थानीय समुदायमा विद्यालय हस्तान्तरण गरी आर्थिक, सामाजिक र न्यायिक कार्यान्वयनयित अधिकार एवं स्थानीय स्वयतता प्रदान गर्दा निर्णय प्रक्रियामा प्रभावकारिता, सुनिश्चितता स्थानीय समस्यालाई संवोधन, स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग, समानुपातिक एवं न्यायोचित वितरण शशक्तिकरण, शुशासन, नागरिक समाजको संस्थागत विकास दिगो जनमूखी विकासको आधारशीला, समावेशीकरण जस्ता पक्षहरुको प्रक्रियामा सहयोग पुग्ने हुनाले शैक्षिक विकेन्द्रीकरण नयाँ नेपाल एव राज्यको पूनसंरचना लागि समेत महत्वपूर्ण र अत्यन्तै सान्दर्भिक देखिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) मा स्थानीय विषय तथा मातृभाषाको वारेमा यसरी उल्लेख गरिएको पाइन्छ । विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनौट गर्दा वहुसंख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनौट गरिनु पर्ने, मातृभाषाको पठनपाठन गराउन नसक्ने विद्यालयले स्थानीय तहका लागि उपयोगी पेसा, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, स्थानीय वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि मध्ये एक विषयवस्तु छनौट गरी पठनपाठन गर्न सकिने व्यवस्था छ । मातृभाषा तथा स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामाग्री स्रोत केन्द्रको सहयोग जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाट निर्माण गर्न सकिने र जिल्लाभर एउटै विषय मिलेमा जिल्लास्तर र स्रोत केन्द्रस्तरमा मिल्ने विषयको पाठ्यक्रम निर्माण गर्न सकिने व्यवस्था गरेको छ । समय निर्धारणमा सामाजिक अध्ययनलाई १९ घण्टी, सिर्जनात्मक कला र शारीरिक शिक्षा ९/९ घण्टी, स्थानीय विषयका लागि १२८ घण्टी पठनपाठ्न गराउने व्यवस्था उल्लेख छ ।

स्थानीय पाठ्यक्रम र कार्यान्वयन सम्बन्धी सचेतना समाग्री (२०६५) मा स्थानीय पाठ्यक्रमका वारेमा उल्लेख भए अनुसार केन्द्रीय निकायद्धारा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने पाठ्यक्रम नै केन्द्रीय पाठ्यक्रम र स्थानीय सरोकारवालाहरुको आवश्यकता, चाहाना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम भएकाले केन्द्रीय पाठ्यक्रम खास स्थान विशेषको आवश्यकतामा मात्र आधारित नभई औषत राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी तयार हुने भएकाले यस प्रकारको पाठ्यक्रमले स्थानीय आवश्यकतालाई

प्रतिनिधित्व गर्न नसक्ने कुरा उल्लेख पाइन्छ । सामाजिक विभिन्नता अनुरुप पाठ्यपुस्तकलाई प्रोत्साहन गर्न, व्यक्ति र समुह समाजको आवश्यकता वभि्क तिनलाई पुरा गर्न, स्थानीय महत्वपूर्ण चाडपर्व, स्थान विशेष, कला कौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित सम्भार र परिचालन गरी संरक्षण र सम्बर्द्धन गर्न, पाठ्यक्रमलाई वढी उपयोगी, सान्दर्भिक र आवश्यकतामूखी वनाउन, स्थानीय तहको सरोकारवालाहरु र संस्थाको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयन गर्नु परेको कुरा उल्लेख गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्देशिका (२०६४) मा स्थानीय पाठ्यक्रमको वारेमा यसरी उल्लेख गरिएको छ । स्थानीयस्तरमा स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण तथा कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । नेपाल भौगोलिक, सांस्कृतिक, भाषिक, जातीय आदि कुराहरुमा विविधतापूर्ण मुलुक भएकाले यहाँको आवश्यकता र चाहानाहरु पनि फरक फरक हुने गर्दछ । केन्द्रीय पाठ्यक्रमले नेपालको सम्पूर्ण क्षेत्रहरुको आवश्यकता र चाहाना समेट्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता परेको हो । नेपालमा रहेका भौगोलिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थलहरुको वारेमा जानकारी तथा संरक्षण गर्न भाषिक र संस्कारहरुको संरक्षण गर्न स्थानीय पाठ्यक्रमको महत्व रहेको छ । स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा विद्यालय तह, स्रोत केन्द्र तह, जिल्ला तहलाई जिम्मेवारी दिन सकिन्छ ।

पाठ्यक्रम विकास केन्द्र (२०६५) ले कक्षा - १० को शिक्षा पाठ्यपुस्तकमा स्थानीय पाठ्यक्रम निर्माणको चरणहरु आवश्यकताको पहिचान, उद्वेश्य निर्धारण, विषयवस्तुको छनौट, कक्षागत सिकाइउपलब्धि विवरण, शिक्षण प्रक्रिया (क्रियाकलाप र विधि) विद्यार्थी मूल्याङ्कन र समय निर्धारणका वारेमा यसरी उल्लेख गरिएको छ ।

आवश्यकताको पहिचान गर्न स्थानीय तहका प्रतिनिधि, स्थानीय गैह्र सरकारी संस्थाका प्रतिनिधि, वुद्विजिवी, उधोगपति, रोजगारदाता, अभिभावक, शिक्षक, स्रोत व्यक्ति, समाजसेवी सामाजिक कार्यकर्ता, स्थानीय तहका सरकारी नेतृत्वका प्रतिनिधिहरु संग सुझाव संकलन र व्यापक छलफलको माध्यमबाट स्थानीय पाठ्यक्रको विषयवस्तु छनौट गरिनु पर्ने तर्फ जोड दिएको पाइन्छ । स्थानीय पाठ्यक्रमको विषयवस्तु छनौट पश्चात प्राथमिक तहको उद्वेश्य संग मेल खाने गरी स्थानीय पाठ्यक्रमको साधरण उद्वेश्य तय

गरिन्छ । उद्देश्य निर्धारण पश्चात विषयवस्तुको  छनौटका लागि आधार वनाउने र छनौट भएका विषयवस्तुको विस्तृतीकरण गर्नु पर्दछ । कुन कक्षामा के कति, कस्तो खालको विषय दिने हो सो निर्धारण गरी विद्यार्थीको उमेर, ज्ञानको व्यवस्था, भाषिक स्तर उमेर आदिलाई ध्यान दिई कक्षागत सिकाइउपलब्धि निर्धारण गर्नु पर्छ । तोकिएको विषयवस्तुको उद्देश्य पुरा गर्न आवश्यक, उपलब्ध हुनसक्ने र प्रयोग गर्न सकिने सामाग्रीको व्यवस्था गर्नु पर्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तु शिक्षणका लागि छलफल विधि, अन्तरक्रिया, स्थलगत भ्रमण तथा सम्बन्धित विषयवस्तु संग सम्बन्ध राख्ने खालका कार्यक्रमहरुमा सहभागिता गराउन उपयूक्त हुने कुरा उल्लेख गरेको पाइन्छ । स्थानीय पाठ्यक्रमका राखिएका विषयवस्तुहरु 'गरेर सिक्ने' विधिमा निर्धारण गरिने भएकाले विद्यार्थीहरु विभिन्न कार्यक्रमहरुमा सहभागी भएको आधार, प्राप्त प्रतिवेदनको मूल्याङ्कन, विद्यार्थीहरुको क्रियाकलापको अवलोकन गरी मूल्याङ्कन गरिनुपर्ने उल्लेख छ । साथै निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रमुख आधार वनाइनु पर्ने तर्फ पनि जोड दिएको छ ।  स्थलगत भ्रमण, अध्ययन भ्रमण, आदिका लागि पठनपाठनलाई बाधा नपर्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

वराल (२०६६) ले पाठ्यक्रम विकास केन्द्र बाट प्रकाशित शिक्षा पत्रिकामा स्थानीय पाठ्यक्रमको व्यवहारिक प्रयोगमा आई परेका समस्या र समाधान सम्बन्धी अध्ययनमा स्थानीय पाठ्क्रम प्रयोगमा देखा परेका समस्याहरुमा स्थानीय तहमा स्थानीय पाठ्यक्रम निमार्ण गर्नसक्ने खालको जनशक्ति नहुनु, स्थानीय तहमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयन गर्ने संस्थागत संयन्त्रको निर्माण हुन नसक्नु, स्थानीय तहमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयनका लागि आवश्यक बजेट नहुनु, स्थानीय तहमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयनमा आन्तरिक तयारी र तत्परताको अभाव हुनु, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.लगायतका सरोकारवालाहरुको क्षमता वृद्धि हुन नसक्नु, स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि हाल उपलब्ध गराइएको तालिम र स्रोत, साधन अपर्याप्त हुनु, स्थानीय पाठ्यक्रममा समावेश गर्नु पर्ने क्षेत्रका विज्ञ वा स्रोत व्यक्तिहरु उपलब्ध नहुनु, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गर्ने क्षमता वृद्धि नहुनु , स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रम विकास तथा निर्माण कार्यान्वयनमा समन्वय नर्गनु, स्थानीय निकायमा स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी भएका पदाधिकारीको अभाव हुनु, पाठ्क्रम विकास केन्द्रले एउटै तहको पाठ्यक्रम निर्माण

गर्दा पनि पटके पाठ्क्रम निर्माण गरी दिंदा स्थानीय तहमा पाठ्यक्रम निर्माणमा कठिनाई हुनु, निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविद्यिक सहयोग, सेवा टेवा दिन नसक्नु नीतिगत अन्योलता रहनु जस्ता समस्याहरु नेपालको सामुदायिक विद्यालयमा रहेको तथ्य समेत उल्लेख गरेका छन ।

यी माथिका समस्याहरुलाई समाधान गर्न उनले स्थानीय तहमा स्थानीय पाठ्यक्रम निमार्ण सम्बन्धी तालिम सञ्चालन गरिनु पर्ने, स्थानीय तहमा विद्यालय शिक्षक, स्रोतव्यक्तिहरु र अन्य क्षेत्रका व्यक्तिहरुलाई पाठ्यक्रम, निर्माणसम्बन्धमा आवश्यक कार्यक्रम सञ्चालन गरी सक्ष बनाइनु पर्ने, स्थानीय तहमा विशेष गरी स्थानीय निकायमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्रको निर्माण गरिनु पर्ने, स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सहभागिता व्यापक  बनाउनु पर्ने, स्थानीय तहमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरिनु पर्ने, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक वि.व्य.स.लगायत सरोकारवालाहरुको क्षमता वृद्धि गरिनु पर्ने, स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ वा स्रोत व्यक्तिहरु उपलब्ध गराउनु पर्ने, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गर्ने क्षमता वृद्धि गरिनु पर्ने, स्थानीय निकायमा स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी सम्बन्धित पदाधिकारीहरुलाई गराउनु पर्ने, पाठ्क्रम विकास केन्द्रले एउटै तहको पाठ्यक्रम निर्माण गर्दा एकै पटकमा निर्माण गर्नु पर्ने, निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने, नीतिगत अन्योलता हटाउनु पर्ने तर्फ जोड दिएको पाइन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनैपनि अध्ययनलाई पुरा गर्न एक निश्चित सैद्धान्तिक खाकालाई  आधार बनाउनु पर्छ । यस अध्ययनलाई अगाडी बढाउन शैक्षिक विकेन्द्रीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको छ । जसको व्याख्या तल गरिएको छ ।

सन् १९८५ तिर विश्व वैंकले विश्वका विभिन्न योजनाहरुको संरचनागत सुधार उपागमको अवधाराणा अगाडी सारेपछि नेपालमा वि.स. २०५५ को स्थानीय स्वायत्त शासन ऐन पश्चात विकेन्द्रीकरणको शुरुवात भएको पाइन्छ । शिक्षा क्षेत्रमा आधारभूत प्राथमिक

शिक्षा परियोजनाले विकेन्द्रीकरणलाई कार्यरुपमा ल्याएको हो । हाल जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना यसका उदाहरण हुन (अर्याल, २०६६) ।

शैक्षिक योजना केन्द्रीय नीति, नियम तथा निर्देशन अनुसार सञ्चालित हुनुलाई प्रशासनिक केन्द्रीकरण भनिन्छ भने आर्थिक अधिकार कार्यान्वयनको अधिकार, निर्णयको अधिकार तथा उत्पादन एवं उपयोगको अधिकार स्थानीय स्तरमा हस्तान्तरित भई केन्द्रीय अधिकार प्रत्यायोजित हुनु  विकेन्द्रीकरण हो (उपाध्याय, २०६५) ।

शैक्षिक व्यवस्थापनको कार्यलाई व्यवस्थित रुपमा स्थानीय स्तर सम्म पु-याउने कार्य नै शैक्षिक विकेन्द्रीकरण हो । यसमा शैक्षिक प्रशासनको शासकीय अधिकार जवाफ देहिता र जिम्मेवारीलाई स्रोत साधन सहित जनताको साथमा स्थानीय स्तरबाटै व्यवस्थापन गर्ने नीतिगत कार्य गरिन्छ । यो लोकतान्त्रिक शासन व्यवस्थाको मुख्य आधार भएकाले शैक्षिक क्रियाकलाप व्यवस्थापनमा जनतालाई सर्वोपरी वनाउँछ ।

विकेन्द्रीकरणको प्रमुख सिद्धान्त अनुदानको सिद्धान्तले जनतालाई सर्वोपरि ठानी कार्य व्यवस्थापन गर्ने भएकाले शैक्षिक व्यवस्थापनमा पनि यहि सिद्धान्तको प्रमुखता पाइन्छ । कोइराला र श्रेष्ठ (२०६६), ले विकेन्द्रीकरणलाई ३ भागमा वर्गिकरण गरेका छन ।

अधिकार प्रत्यायोजन : यो अवस्थामा कर्मचारीतन्त्रको माथिल्लो निकायले आफूमा रहेको अधिकार तल्लो निकायमा प्रत्यायोजन गरेको हुन्छ । तर प्रत्यायोजित अधिकार प्रत्यायोजन गर्ने अधिकारले कुनै पनि बेला झिक्न सक्छ ।

विकेन्द्रीकरण : विकेन्द्रीकरणको यो अवस्थामा एउटा सङ्गठन भित्रको जिम्मेवारी दिइएको हुन्छ तर अधिकार सवै केन्द्रमा रहन्छ । केन्द्रले कुनै पनि समयममा सो अधिकार फिर्ता लिन सक्छ । साथै निर्णय गर्दा माथिल्लो अधिकारीको मुख ताक्नु पर्ने अवस्था रहन्छ ।

निक्षेपण : यो विकेन्द्रीकरणको सबै भन्दा उत्तम अवस्था हो । जसमा संस्थाहरुलाई निर्णयको अधिकार कानुनद्धारा नै व्यवस्थित गरिएको हुन्छ । यस्तो अवस्थामा अधिकार प्राप्त निकाय वा संस्था वा अधिकारीले निर्णय गर्दा माथिल्लो निकायको मुख ताक्नु पर्दैन । स्वतन्त्र रुपले काम गर्न पाउँछ । जस्तै : गा.वि.स. लाई स्थानीय कर लगाउने अधिकार तोक्नु ।

कोइराला तथा श्रेष्ठ (२०६६) ले शैक्षिक विकेन्द्रीकरणका विभिन्न विधिहरुलाई यसरी उल्लेख गरेका छन ।

तल्लो निकायको स्वरुप निर्धारण उपागम : यसमा शिक्षाका बीचका संरचनात्मक तहहरु हटाई वित्तिय तथा मानवीय साधनहरु प्रत्यक्ष रुपमा तल्लो निकाय, स्थानीय शासन

वाट विद्यालयलाई उपलब्ध गराइन्छ । स्पेन र थाइल्याण्डमा यस्तो प्रकारको उपागम लागु छ ।

स्थानीय शासन सशक्तीकरण विधि : बजेट तयार गर्ने, खर्च गर्ने, स्टाफ भर्ना तथा शैक्षिक विषयवस्तु निर्धारण गर्ने, पाठ्यक्रम निर्धारण गर्ने, विद्यार्थी मूल्याङ्कन गर्ने, छनौट गर्ने अधिकार स्थानीय स्तरमा हस्तान्तरण गरिन्छ ।

विद्यालयमा आधारित व्यवस्थापन विधि : विद्यालयको स्वायत्तता, निर्णय गर्ने अधिकार, शिक्षक, अभिभावक तथा समुदायका नेतृत्व कर्ताहरुलाई हुने गर्दछ । सिकागो र न्यूजिल्याण्डमा यो अभ्यास भइरहेको छ ।

समुदाय वित्तिय विधि : यस विधिमा सरकार र समुदाय वीच लागत सहभागितामा वित्तिय प्रणाली लागु हुन्छ । शिक्षक, कर्मचारीको तलब भत्ता, नियमित खर्च खर्च सरकारले र पूंजीगत खर्च जस्तैः भौतिक साधन, भूमि, भवन, फर्निचर तथा अन्य सामाग्री सम्बन्धि खर्च समुदायले बेहोर्दछ । एशियाली तथा विकसिल मुलुकहरुले यो उपागम अपनाएको देखिन्छ । नेपालमा पनि सार्वजनिक र नीजि साझेदारीको अवधाराणा अपनाएको छ ।

मागमा आधारित वित्तिय विधि : मागका आधारमा सरकार र स्थानीय निकायले विद्यार्थी ऋण तथा लक्षित समुहको पहुँचका आधारमा आर्थिक अनुदान दिन्छ । यो विधिले विद्यार्थीलाई पहुँच तथा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ ।

पाठ्यक्रम सुधार उपागम : स्थानीय निकाय वा विद्यालयलाई पाठ्यक्रम सुधार गर्ने अवसर प्राप्त हुन्छ । केही मात्रामा भएपनि स्थानीय र क्षेत्रिय आवश्यकता अनुसार प्राज्ञिक कार्यक्रम सञ्चालन गर्ने अधिकार प्राप्त हुन्छ । यो सुधारको खास उद्धेश्य पाठ्यक्रम, शिक्षण तथा विद्यार्थीको तत्परता समुदायको आवश्यकता अनुसारका मूल्याङ्कन पद्धति मार्फत सबै विद्यार्थीहरुमा गुणस्तर र समानता कायम गरिन्छ ।

स्थानीय पाठ्यक्रमको निर्माण,विकास र कार्यान्वयन शैक्षिक विकेन्द्रीकरणको नीति अर्न्तगत हुने भएकाले यस अध्ययनलाई अध्ययन तथा विश्लेषण गर्न विकेन्द्रीकरणको सिद्धान्तलाई अवलम्वन गरिएको छ ।

शिक्षा क्षेत्रमा विकेन्द्रीकरणले कोशे ढुङ्गाको रुपमा काम गरेको देखिन्छ । शिक्षामा शैक्षिक अवसरहरुको विस्तार गर्न विकेन्द्रीकरणले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसै धाराणा अन्तगर्त सवैका लागि शिक्षाका नाराले शिक्षाका अवसरहरुमा व्यापकता पाएको हो । शिक्षा क्षेत्रमा विद्यार्थीहरुका विविध चाहाना र शैक्षिक पद्धतिको विविधता अनुसार

व्यवस्थापन गर्न, शैक्षिक प्रणालीमा रहेको जटिलताहरु तोड्न, शिक्षा क्षेत्रमा अभिभावकहरुको इच्छा र चाहनाहरुको परिपूर्ति गर्न, केन्द्रीय तहबाट सम्प्रेषण हुने सञ्चार प्रवाह ढिलो हुने हुनाले यस्ता सञ्चारका समस्याहरुको समाधान गर्न, विश्व हाल विश्वव्यापिकरण कारण विश्वभरीनै विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन भइरहेकाले त्यस्ता कार्यक्रमहरुमा प्रतिवद्वता जनाउन, शिक्षामा प्रादेशिक योजनाहरु कार्यान्वयन गर्न, शिक्षा क्षेत्रमा स्वामित्वको भावनाको विकास गर्न , विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न समेत विकेन्द्रीकरणले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

**२.३ शैक्षिक उपादेयता**

स्थानीय पाठ्यक्रम संग सम्बन्धित लेख, रचना तथा विभिन्न दस्तावेजको अध्ययनको क्रममा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनमा गर्न विभिन्न ऐन तथा नियमावलीहरुमा व्यवस्था गरिएको भएतापनि स्थानीय पाठ्यक्रम प्रभावकारी निर्माण तथा कार्यान्वयन नभएको तर्फ इंगित गरेको पाइन्छ । समिक्षा गरिएका साहित्यहरुले स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा आइपर्ने समस्याहरुको पहिचान गर्ने प्रयास गरिएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग गर्न महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

शैक्षिक नीति निमार्ण केन्द्रीय तहमा हुने गरेको र कार्यान्वयन गर्ने सवालमा केन्द्रीय तहको योजना लागु गर्दा स्थानीय आवश्यक्ता पहिचान हुन नसक्ने अनि स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग एवं सरोकारवालाको सहभागिता कम रहने कारण शैक्षिक गुणस्तर खस्कदै गइरहेको अवस्थामा यो अवधारणा महत्वपूर्ण देखिन्छ । यस लेखले शैक्षिक विकेन्द्रीकरणको आवश्यक्ता उल्लेख गर्दै शैक्षिक विकेन्द्रीकरण लागु गर्ने सवालमा आइपर्ने, समस्या समेत उल्लेख गरेको कारण योजनाविद्ध, नीतिनिमार्ण कर्ता तथा सम्बन्धित सरोकारवालाहरुलाई उपयोगि हुनेछ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउन अनुसन्धानकर्ता अर्थात अध्ययनकर्ताले तयार पार्ने वृहत योजना जस भित्र विषयको छनौट देखि लिएर तथ्याङ्क संकलन, विश्लेषण र प्रस्तुतीकरण सम्मका कार्यविधि अवलम्वन गरिएको छ ।

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरु सामान्यतय; सङ्ख्यात्मक तथा विवरणात्मक रुपमा प्राप्त हुने भएकाले गुणात्मक तथा व्याख्यात्मक ढाँचा नै अवलम्वन गरिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रकिया

### ३.२.१ नमूना छनौट प्रक्रिया

यस अध्ययनमा विद्यालय छनौट गर्न उद्धेश्यमूलक नमूना छनौटलाई अपनाइएको छ जस अनुसार बौद्धधाम स्रोत केन्द्र अन्तर्गतका ३ गाउँ विकास समितिहरु श्रीअन्तु, बौद्धधाम र गार्खेका २/२ विद्यालय पर्ने गरी ६ वटा विद्यालयलाई छनौट गरिएको छ । यसै गरी प्र.अ. शिक्षक, स्रोतव्यक्ति, स्थानीय पाठ्यक्रम विज्ञ तथा स्थानीय निकायका पदाधिकारीहरु छनौट गर्न पनि उद्धेश्यमूलक नमूना छनौट विधिलाई नै आत्मासाथ गरिएको छ भने विद्यार्थी, अभिभावक, वि.व्य.स.का पदाधिकारीहरुको छनौट गर्न उद्धेश्यमूलक नमूना छनौट विधिलाई अवलम्वन गरिएको छ ।

### ३.२.३ नमूनाको आकार

यस अध्ययनका लागि प्रत्येक विद्यालयबाट प्र.अ. १/१ का दरले ६ जना, शिक्षक २/२ का दरले १२ जना, अभिभावक २/२ का दरले १२ जना, विद्यार्थी २/२ का दरले १२, वि.व्य.स. पदाधिकारी २/२ का दरले १२ जना, स्रोत व्यक्ति १ जना, स्थानीय पाठ्यक्रम विज्ञ १ तथा स्थानीय निकायका पदाधिकारी ३ जना गरी जम्मा ५९ जना नमूनाका लागि छनौट गरिएको छ ।

### ३.२.२ नमूना जनसङ्ख्या

यस अध्ययनका लागि नेपालको सुदुर पुर्वी जिल्ला इलामलाई अध्ययनको क्षेत्रको रुपमा लिइएको छ । यस जिल्लामा ४९ गा.वि.स. र एक नगरपालिका रहेका छन् । इलाम जिल्लामा ४४६ सामुदायिक विद्यालय रहेकोमा जसमध्ये ३०२ सामुदायिक प्राथमिक विद्यालय रहेका छन । यी सवै विद्यालयहरुको अध्ययन गर्न आर्थिक एवम् प्राविधिक कारणले

असमर्थ हुने भएकाले इलाम जिल्लामा रहेको १४ स्रोत केन्द्रलाई छनोट गरी उक्त स्रोत केन्द्र अन्तर्गतका ६ वटा सामुदायिक प्राथमिक विद्यालय र त्यस संग सम्बद्ध श्रोतव्यक्ति, स्थानीय पाठ्यक्रम विज्ञ, प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.का पदाधिकारी, स्थानीय निकायका पदाधिकारीहरु यस अध्ययनका लागि जनसङ्ख्याको रुपमा लिइएको छ ।

३.२.४ नमूना छनौटका आधार

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्थालाई मध्यनजर गर्दै इलाम जिल्लामा रहेको १८ स्रोत केन्द्रहरु मध्येको बौद्धधाम स्रोत केन्द्रलाई अध्ययनको आधार वनाइ बौद्धधाम स्रोतकेन्द्रको भौगोलिक वनावट तथा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गर्ने हिसावले छनौट गरिएको छ । यस अध्ययनकर्ताका लागि सुगमता, सजिलो, आर्थिक मितव्ययिताका र कार्यक्षेत्र स्थललाई मध्य नजर गर्दै बौद्धधाम स्रोत केन्द्रलाई छनौट गरी उक्त स्रोत केन्द्र अन्तरगतका ३ गा.वि.स.का सवै विद्यालयहरुको समान रुपमा प्रतिनिधित्व होस भन्ने हेतुले उक्त ३ गा.वि.स.का ६ विद्यालयहरुलाई छनौट गरिने छ भने अन्य नमूनाहरु प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.का पदाधिकारी, स्थानीय पाठ्यक्रमविद्ध, श्रोतव्यक्ति र स्थानीय निकायका पदाधिकारीहरु यस शोधकर्ताको आर्थिक मितव्ययिता, समय अभाव तथा सजिलोको आधारमा छनौट गरिएको छ ।

**३.३ अनुसन्धानका साधनहरु**

३.३.१ प्रधानाध्यापकलाई अन्तर्वार्ता

३.३.२ शिक्षकहरुलाई प्रश्नावली

**३.३.३** विद्यार्थीहरु संग प्रश्नावली

३.३.४ अभिभावकलाई प्रश्नावली

३.३.५ वि.व्य.स. पदाधिकारीका लागि प्रश्नावली

३.३.६ स्रोतव्यक्तिलाई प्रश्नावली

३.३.७ स्थानीय पाठ्यक्रम विज्ञलाई अन्तर्वार्ता

३.३.८ स्थानीय निकायका पदाधिकारीका लागि प्रश्नावली

३.३.९. सर्वेक्षण फारम

३.३.१० दस्तावेजहरु

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनका लागि २ प्रकारका तथ्याङ्कको स्रोतहरुलाई अवलम्बन गरिएको छन् ।

(क) प्राथमिक स्रोत

यस अन्तरगत प्र.अ. संग अन्तर्वार्ता, शिक्षक संग भेटघाट तथा प्रश्नावली, अभिभावकलाई प्रश्नावली, विद्यार्थी संग प्रश्नावली तथा छलफल, अभिभावकहरुलाई प्रश्नावली, वि.व्य.स.का सदस्यहरु संग प्रश्नावली, स्रोत व्यक्तिलाई प्रश्नावली, स्थानीय स्तरका पाठ्यक्रम विज्ञलाई अन्तर्वार्ता तालिका, स्थानीय गा.वि.स.का पदाधिकारीहरुलाई प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

(ख) गौण स्रोत

यस अन्तर्गत विद्यालयहरुको रेकर्ड, स्रोत केन्द्रमा सञ्चालन गरिएको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्याशालाको रिर्पोट, विद्यालयको दैनिक शिक्षण तालिका, विद्यालयको मूल्याङ्कन वही, स्थानीय पाठ्यक्रम संग सम्बन्धित दस्तावेज आदिलाई सहायक तथ्याङ्कको स्रोतका रुपमा अबलम्वन गरिएकोछ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनैपनि अध्ययनका लागि संङ्कलित कच्चा तथ्याङ्कलाई व्यवस्थित गर्न आवश्यक मानिन्छ । तथ्याङ्क सङ्कलन गरिसके पछि त्यसलाई विभिन्न विधि अपनाएर विश्लेषण तथा व्याख्या गरिन्छ । यस अध्ययनका लागि गुणात्मक तथा संख्यात्मक अनुसान्धान विधी प्रयोगमा ल्याइने छ । उपलब्ध तथ्याङ्कलाई तालिका, चार्ट, प्रतिशत आदिको प्रयोग गरी प्रशोधन, व्याख्या तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको व्यवस्थापन प्रक्रिया प्राज्ञिक कार्यको साथै एक प्राविधिक कार्य पनि हो । तसर्थ स्थानीय पाठ्यक्रम निर्माण गर्दा विभिन्न निश्चित प्रक्रियाहरु पूरा गर्नु पर्ने हुन्छ । यस अध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्कहरुको वर्गीकरण, श्रेणीकरण तथा व्यवस्थित गर्नका लागि प्राप्त तथ्याङ्कहरुका विशेषता अनुसार विश्लेषण तथा व्याख्या गरिएको छ । यस अध्ययनमा बौद्वधाम स्रोत केन्द्र अन्तर्गत छनौटमा परेका ६ वटा विद्यालयहरु गोर्खे गा.वि.स.का महेन्द्रोदय प्रा.वि. छघरे, सिद्वदेवी प्रा.वि. वाङगीन, पशुपतिनगर गा.वि.स.का उर्गेन छयोइलिङ प्रा.वि. तीनखुट्टे, लक्ष्मी राष्ट्रिय प्रा.वि. कट्टेवुङ तथा श्रीअन्तुका महेन्द्र प्रा.वि. सल्लेरी, मेची प्रा.वि. तीनब्लक संग सम्बन्धित सरोकारवालाहरु प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.पदाधिकारी, अभिभावक, स्रोत व्यक्ति, स्थानीय पाठ्यक्रम विज्ञ, तथा स्थानीय निकायका पदाधिकारीहरुबाट प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ४.१ केन्द्रीय तहमा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

नेपालमा वि.स. २०४९ सालको प्राथमिक शिक्षाको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा वा स्थानीय आवश्यकताका आधारमा विषयबस्तुलाई समेटेर स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको पाइन्छ । त्यसै गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा समेत स्थानीय पाठ्यक्रमको थप व्यवस्था गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ मा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएवमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा लिन पाउने व्यवस्था गरेको छ भने शिक्षा ऐन, २०२८ मा प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिने कुरा उल्लेख छ ।

स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रर्दशनका सिद्धान्तहरु तयार गर्ने, स्थानीय पाठ्क्रमका लागि विषयवस्तु छनौट देखि लिएर सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ भने माद्यमिक शिक्षा सहयोग कार्यक्रम मूलदस्तावेजमा मा.वि. तहमा पनि १०% स्थानीय विषयवस्तुको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) मा १५% भाग स्थानीय विषयवस्तु समेटेर पाठ्यक्रम निर्माण गर्न सकिने कुरा उल्लेख गरेको छ ।

आदिवासी, अल्पसंङ्ख्यक भाषिक समुदायलाई शिक्षाको पंहुचमा ल्याउन विद्यालय पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई वालवालिकाहरुको दैनिक जीवन संग वढी सान्दर्भिक गराउन पाठ्यक्रममा २०% अंश स्थानीय परिस्थिती र वातावरणमा आधारित हुनु पर्ने कुरामा जोड दिएको पाइन्छ (सवैका लागि शिक्षा, २००४-२००९) ।

नेपालको विभिन्न जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । लमजुङमा कृषि तथा जडिबुटी ज्ञानमाला, पर्वतमा फलफूल खेती, धनकुटामा तरकारी खेती, स्थानीय खेल, वन, चित्रकला र हस्तकला, कपिलवस्तुमा तरकारी खेती, धार्मिक तथा ऐतिहासिक स्थल, परालबाट बन्ने सामाग्री र स्थानीय खेल, धादिङमा तरकारी खेती, फलफूल खेती, खोटाङमा हलेसी महादेव, सिन्धुलीमा हायु भाषा, रसुवामा आलु खेतीको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरेको पाइन्छ (स्थानीय पाठ्यक्रम निर्देशिका, २०६५) ।

यसरी नेपालका केही जिल्लाहरुमा स्थानीय पाठ्यक्रम र कार्यान्वयन गरिएको भएतापनि अधिकांश जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण मात्र गरिने तर कार्यान्वयन नहुने भइहाले तापनि त्यसको प्रभावकारीता मूल्याङ्कन नहुने भएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग अवस्था कस्तो छ भनी ठ्याक्कै भन्ने अवस्था छैन् । त्यसैले यस शोधकर्ताले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्थाको अध्ययन गर्नु सान्दर्भिक ठानेको छ ।

पाठ्यक्रम औपचारिक विद्यालय शिक्षा मार्फत निर्माण र कार्यान्वयन हुने भएकाले स्थानीय पाठ्यक्रम तयार गर्दा अन्य पाठयक्रम निर्माणमा आउने प्रक्रिया अवलम्वन गर्नु पर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणका प्रक्रियाहरु सम्बन्धमा स्थानीय पाठ्यक्रम विज्ञलाइ सोधिएको प्रश्नबाट प्राप्त उत्तरलाई तल विश्लेषण गरिएको छ ।

स्थानीय आवश्यकतालाई सम्वोधन हुने विषय वस्तु पहिचानका लागि उपलब्ध भएसम्म पाठ्यक्रमविद्, सम्बन्धित क्षेत्रका अभिभावक, समाजसेवी, विभिन्न पेशाका व्यक्तिहरु, शिक्षक विद्यार्थी सामाजिक कार्यकर्ता, राजनीतिक व्यक्तिहरु, महिला, अपाङ्ग आदि सवै क्षेत्रबाट सुझाव सङ्कलन गरी विद्यालयको आवश्यकताको पहिचान गर्नु पर्ने, विद्यार्थीको उमेर, वालमनोविज्ञान, वालवालिकाको सिकाइ स्तर, रुचि, इच्छा र आवश्यकता, कक्षा, तह विषयवस्तुको प्रवृति, स्रोत र साधनको अवस्था आदि पक्षहरुलाई ख्याल गरेर


उद्देश्य निर्धारण गर्नु पर्ने, स्थानीय स्तरका आवश्यकता अर्थात विद्यालयका आवश्यकता अनुसारका कृषि, व्यवसाय तथा भाषा संस्कृति क्षेत्रका विषयवस्तु छनोट गरिनु पर्ने, विषयवस्तु अनुरुपका ठोस्, नमूना, नक्सा तथा चित्र आदि शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामाग्रीको रुपमा प्रयोग गरिनु पर्ने, शिक्षण सिकाई क्रियाकलापका लागि छलफल, क्षेत्र भ्रमण, योजना कार्य, अभ्यास आदि जस्ता विधि अपनाउनु पर्ने, विद्यार्थी मूल्याङ्कनका लागि निर्माणत्मक र निर्णयात्मक पद्धतिलाई अपनाउनु पर्ने, पाठ्यक्रमले निर्धारण गरे अनुसार समय निर्धारण गरिनु पर्ने कुरामा स्थानीय पाठ्यक्रम विज्ञको धारणा रहेको पाइयो ।

### ४.१.१ प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माणको अवस्था

नमुना छनोटमा परेका छ वटा विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्था सम्बन्धमा अध्ययन गर्न अनुसूचि १ को फारम प्रयोग गरी तथ्याङ्क लिइएको थियो । जसलाई तल व्याख्या तथा विश्लेषण गरिएको छ । नमुना छनौट गरिएका ६ विद्यालयहरु मध्ये ३ विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेको पाइयो । उक्त तीन वटा विद्यालयहरुमा योल्मो भाषा, लिम्वु भाषा र सब्जी खेतीको स्थानीय पाठ्यक्रम बनेको पाइयो । अन्य ३ विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण नगरेको पाइयो । यी ३ वटा विद्यालयहरुले स्थानीय निर्माण गरेको भएतापनि हाल १ विद्यालयले मात्र योल्मो भाषा प्रयोग गरिरहेको पाइयो । अन्य ५ विद्यालयहरुले भने हाल स्थानीय पाठ्यक्रमको रुपमा अङ्ग्रेजी भाषा नै प्रयोग भइरहेको पाइयो । १ विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण मात्र गरेको र १ विद्यालयले केही समय स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरेर विविध समस्या र चुनौतीका कारण कार्यान्वयन नगरेको पाइयो । नेपालमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा राष्ट्रिय रुपमा हेर्ने हो भने पनि १००% पाठ्य अंशको स्थानीय पाठ्यक्रमको रुपमा अतिक्ति अङ्ग्रेजी र केही विद्यालयहरुमा मातृभाषा तथा केही जिल्लाहरु जस्तैः लमजुङ, पवर्त, धादिङ, सिन्धुली, कपिलवस्तु, खोटाङ, रसुवा आदिमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको सन्दर्भमा अनुसूची ३ मा समेत केही विद्यालयहले स्थानीय पाठ्यक्रमको रुपमा अतिरिक्त अङग्रेजी, केही विद्यालयहरुले स्थानीय मातृभाषा तथा स्थानीय पाठ्यवस्तुमा आधारित पाठ्यक्रम निर्माण गरी शिक्षण गर्नुले नेपालको राष्ट्रिय अवस्था झल्केको देखिन्छ । विकेन्द्रीकरणको धारणा अनुरुप पाठ्यक्रम सुधार उपागम पद्वतिमा स्थानीय निकाय वा विद्यालयलाई पाठ्यक्रम सुधार गर्ने अवसर प्राप्त हुन्छ । केही मात्रामा भएपनि स्थानीय र क्षेत्रिय आवश्यकता अनुसार प्राज्ञिक कार्यक्रम

सञ्चालन गर्ने अधिकार प्राप्त हुन्छ । यो सुधारको खास उद्धेश्य पाठ्यक्रम, शिक्षण तथा विद्यार्थीको तत्परता समुदायको आवश्यकता अनुसारका मूल्याङ्कन पद्धति मार्फत सबै विद्यार्थीहरुमा गुणस्तर र समानता कायम गरिन्छ । तर नेपालका विद्यालयहरुका सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको भएतापनि स्थानीय तहमा प्राप्त भएको अधिकारलाई सदुपयोग गरेको दखिन्दैन ।

**स्तम्भचित्र १, प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था**



## प्राथमिक तहमा जातिगत विद्यार्थी विवरण

अनुसूची २ अनुसार महेन्द्र प्रा.वि. अर्थेटारमा राई विद्यार्थी १९.२३%, तामाङ २१.१५%, शेर्पा २१.१५%, अन्य ३८.४६% विद्यार्थीहरु अध्ययन गरेको पाइयो । उर्गेन छयोइलिङ प्रा.वि.मा योल्मो जातिको विद्यार्थीको सङख्या अत्यधिक ७४.४१% रहेको जसमा योल्मो भाषाको पाठ्यक्रम निर्माण गरी शिक्षण गराएको सान्दर्भिक देखिन्छ । महेन्द्र प्रा.वि. सल्लेरीमा जातिगत रुपमा विद्यार्थीहरु मिश्रित अर्थात लिम्वु ९.०९%, राई २७%, तामाङ ६३.६३% रहेको देखिन्छ । महेन्द्रोदय प्रा.वि. छघरेमा तामाङ विद्यार्थी ९.२३%, शेर्पा विद्यार्थी ८०% र अन्य १०.७६ रहेको देखिन्छ । यस विद्यालयमा शेर्पा जातिहरुको वाहुल्य रहको र अधिकांश शेर्पा विद्यार्थीहरुको नेपाली भाषामा भाषिक कमजोरी देखिनुले पनि यस विद्यालयमा स्थानीय पाठ्यक्रम शेर्पा भाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । सिद्वदेवी प्रा.वि. वाङगीनमा लिम्वु विद्यार्थी ७४.७६%, राई विद्यार्थी ७.४५%, तामाङ ५.९७%, शेर्पा विद्यार्थी ५.९७% र अन्य ५.९७% रहेको देखिन्छ । उक्त विद्यालयमा लिम्वु भाषाको स्थानीय पाठ्यक्रम निर्माण गरी केही शैक्षिक वर्षहरुमा शिक्षण गरिएतापनि हाल भने कार्यान्वयन नभएको देखिन्छ । मेची प्रा.वि. तीनब्लकमा लिम्वु विद्यार्थी ६.६६%, राई विद्यार्थी २८.८८%, तामाङ विद्यार्थी १५.५५%, गुरुङ ६.६६%, शेर्पा १०%,थामी ७.७७%, मगर २.२२%, सुनुवार ५.५५%, देवान २.२२% र अन्य १४.४४% रहेको छ । उक्त विद्यालयमा सब्जी खेती सम्बन्धि स्थानीय पाठ्यक्रम निर्माण भएको भएतापनि त्यसको कार्यान्वयन नभएको पाइयो ।

### ४.१.२ स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिताको अवस्था

छनोटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा सरोकारवालाहरु मध्ये कस कसलाई सहभागि गराएको छ भनी प्र.अ.लाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुको विश्लेषणलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।


### तालिका १, स्थानीय पाठ्यक्रम निर्माणमा सहभागिताको अवस्था

| क्र.सं. | विवरण | सहभागी गराउने विद्यालयको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वि.व्य.स. सगं छलफल गरेर | ३ | ५० % |
| २ | शिक्षक संग छलफल गरेर | ६ | १०० % |
| ३ | अभिभावक संग छलफल र परामर्श लिएर | २ | ३३.३३% |
| ४ | विद्यार्थी सगं छलफल गरेर | सहभागी नगराएको | – |

प्रश्नावली फारम,२०६७

स्थानीय पाठ्यक्रम निर्माणमा सहभागिताको अवस्था सम्बन्धि सोधिएको प्रश्न बाट आएको उतर विश्लेषण गर्दा सहभागिताको अवस्था यस्तो देखियो । नमुना छनौट गरिएका ६ वटा विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणमा सहभागिताको अवस्था अध्ययन गर्दा पाठ्यक्रम निर्माणमा वि.व्य.स.लाई ५०% विद्यालयले सहभागी गराएको देखियो । नमुना छनौट गरिएका सवै विद्यालयहरुले अर्थात १००% विद्यालयहरुले शिक्षक संग छलफल गरेर स्थानीय पाठ्यक्रम निर्माण गरेको देखियो । त्यसै गरी कुनै पनि विद्यालयले स्थानीय पाठ्यक्रमको रुपमा अध्यापन गरिने विषयको प्रयोग गर्न विद्यार्थीहरुलाई सहभागी नगराएको पाइयो । स्थानीय पाठ्यक्रम निर्देशिका,२०६३ ले स्थानीय पाठ्यक्रम निर्माण गर्दा शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स., शिक्षक अभिभावक सङ्घ, स्थानीय निकाय, विभिन्न सङ्घ संस्थाका पदाधिकारी आदिलाई सहभागी गराउनु पर्नेमा शिक्षक तथा केही सरोकारवालाहरुलाई मात्र सहभागी गराउंदा स्थानीय पाठ्यक्रमको मर्मलाई नै नसमेटेको पाइयो । उपरोक्त तालिकामा दिइएको तथ्यहरुलाई अझ प्रष्ट पार्न तल स्तम्भ चित्रमा देखाइएको छ ।

**स्तम्भचित्र २, पाठ्यक्रम निर्माणमा सहभागिताको अवस्था**





सङ्केत
प्रतिशतमा
१.वि.व्य.स. सगं छलफल गरेर
२.शिक्षक संग छलफल गरेर
३.अभिभावक सग छलफल र परामर्श लिएर
४.विद्यार्थी सगं छलफल गरेर

### ४.१.३ स्थानीय पाठ्यक्रम सम्बन्धमा स्थानीय सरोकारवालाहरुलाई जानकारी

छनोटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग संग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई अनुसूची ४ को फारम प्रयोग गरी सङ्कलन गरिएको तथ्याङ्कलाई तल व्याख्या र विश्लेषण गरिएको छ ।

स्थानीय पाठ्यक्रमको सम्बन्धमा स्थानीय सरोकारवालाहरु कस कसलाई जानकारी छ, कस कसलाई जानकारी छैन भनी नमुना छनौट गरिएका विद्यालयका सरोकारवालाहरु-लाई सोधिएको प्रश्नबाट प्राप्त उतरहरुलाई विश्लेषण गर्दा छनोटमा परेका ६ जना प्र.अ. र १२ जना शिक्षकहरु सवैलाई स्थानीय पाठ्यक्रमको जानकारी रहेको पाइयो । ६ जना वि.व्य.स.सदस्यहरु मध्ये १ जना र १२ जना अभिभवक मध्ये २ जनालाई स्थानीय पाठ्यक्रमको जानकारी रहेको पाइयो । त्यसै गरी नमुना छनोटमा परेका १२ विद्यार्थीहरु र २ जना स्थानीय निकायका पदाधित्रकारीहरु कसैलाई पनि स्थानीय पाठ्यक्रमको जानकारी नभएको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण र सचेतना सामाग्री (२०६५), मा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा शिक्षक, विद्यार्थी, अभिभावक वर्ग, शिक्षक अभिभावक सङ्घ, वि.व्य.स., स्थानीय निकाय (गा.वि.स., न.पा.) जि.शि.का.जि.शि.स., जिल्ला पाठ्यक्रम विकास तथा समन्वय समिति, जि.वि.स. आदिको स्थानीय रुपमा महत्वपूर्ण भूमिका रहने भएतापनि छनौटमा परेका अधिकांश विद्यालयहरुका विद्यार्थी अभिभावक तथा स्थानीय निकायलाई स्थानीय पाठ्यक्रमको जानकारी नहुनु दुखःको कुरा हो । माथि उल्लेखित तथ्याङ्कलाई तलका रेखाचित्रद्वारा अझ प्रष्ट पार्न खोजिएको छ ।

**रेखाचित्र ३, स्थानीय पाठ्यक्रमको सम्बन्धमा स्थानीय सरोकारवालाहरुलाई जानकारी**




सङ्केत
प्रतिशतमा
१.प्र.अ.
२.शिक्षक
३.विद्यार्थी
४.वि.व्य.स.पदाधिकारी
५.अभिभावक
६.स्थानीय निकायका पदाधिकारी

### ४.१.४ स्थानीय पाठ्यक्रम अन्तगर्तका विषयवस्तु शिक्षणका लागि शिक्षकको व्यवस्था

स्थानीय पाठ्यक्रमको रुपमा शिक्षण गरिने विषय शिक्षणका लागि शिक्षकको व्यवस्था कसरी गर्नु भएको छ भनी छनोटमा परेका विद्यालयहरका ६ जना प्र.अ.लाई छुट्टाछुट्टै रुपमा सोधिएको प्रश्नावलीबाट प्राप्त उत्तरहरुलाई व्याख्या र विश्लेषण गर्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २, स्थानीय पाठ्यक्रम अन्तगर्तका विषयवस्तु शिक्षणका लागि शिक्षकको व्यवस्था**

| क्र.सं. | विवरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | विद्यालयमा उपलब्ध शिक्षकलाई नै उपयोग गरेर | १००% | |
| २ | स्थानीय पाठ्यक्रम अन्तगर्तका विषयवस्तु शिक्षणका लागि छुट्टै शिक्षकको व्यवस्था | नभएको | |
| ३ | विद्यालयमा उपलब्ध शिक्षकलाई तालिमको व्यवस्था | नभएको | |

स्थानीय पाठ्यक्रम शिक्षणका लागि विद्यालयमा उपलब्ध शिक्षकलाई नै प्रयोग गरेर शिक्षण गर्ने गरेको पाइयो ।

### ४.१.५ स्थानीय पाठ्यक्रम अन्तगर्तका विषयवस्तु शिक्षणका लागि तालिम प्राप्त शिक्षकको व्यवस्था

स्थानीय पाठ्यक्रमका रुपमा निर्माण भएका विषयवस्तु शिक्षणका लागि शिक्षकका व्यवस्था कसरी गर्न गर्नु भएको छ भनी सोधएको प्रश्नहरुबाट प्राप्त उत्तरहरुलाई व्याख्या र विश्लेषण गर्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ३, स्थानीय पाठ्यक्रम अन्तगर्तका विषयवस्तु शिक्षणका लागि तालिम प्राप्त शिक्षकको व्यवस्था**

| क.सं | विद्यालय | छनौटमा परेका विद्यालयमा शिक्षक सङ्ख्या | छनौटमा परेका विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि तालिम लिएका शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | महेन्द्र प्रा.वि. अर्थेटार | ४ जना | १ जना | २५% |
| २ | उर्गेन छयोइलिङ प्रा.वि. तीनखट्टे | ६ जना | १ जना | १६.६६% |
| ३ | महेन्द्र प्रा.वि.सल्लेरी | ४ जना | १ जना | २५% |
| ४ | महेन्द्रोदय प्रा.वि. छघरे | ५ जना | १ जना | २०% |
| ५ | सिद्बदेवी प्रा.वि वाङ्गिन | ५ जना | १ जना | २०% |
| ६ | मेची प्रा.वि तीनब्लक | ५ जना | १ जना | २०% |
| जम्मा | | २९ जना | ६ जना | २०.६८% |

स्रोत सर्वेक्षण - २०६७

नमुना छनौटमा परेका प्रत्येक विद्यालयहरुमा १/१जना स्थानीय पाठ्यक्रम निर्माणका लागि तालिम लिएका शिक्षक रहेको पाइयो । माथिको तथ्याङ्कहरुलाई अभ्ह प्रष्ट पार्न तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**वृतचित्र ४, स्थानीय पाठ्यक्रम अन्तगर्तका विषयवस्तु शिक्षणका लागि तालिम प्राप्त शिक्षकको व्यवस्था**




**सङ्केत**
प्रतिशतमा
१.महेन्द्र प्रा.वि. अर्थेटार
२.उर्गेन छयोलिङ प्रा.वि. तीनखुट्टे
३.महेन्द्र प्रा.वि.सल्लेरी
४.महेन्द्रोदय प्रा.वि. छघरे
५.सिद्बदेवी प्रा.वि वाङ्गिन
६.मेची प्रा.वि तीनब्लक

### ४.१.६ स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि शिक्षण विधिको छनोट

कुनै पनि विषयवस्तु सरल र प्रभावकारी ढङ्गले विद्यार्थी समक्ष प्रस्तुत गर्ने माध्यम नै शिक्षण विधि हो । सिकारुको स्तर, उमेर, रुचि, अध्यापन गराइने विषयवस्तुको प्रकृति र स्वरुपमा शिक्षण विधि छनोट गर्नु पर्छ । स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि कस्ता कस्ता शिक्षण विधि उपयूक्त हुन्छ भनी १२ जना शिक्षकहरुलाई सोधिएको प्रश्नावलीबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्न तल तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ४, स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि शिक्षण विधिको छनोट**

| क.सं. | शिक्षण विधिहरु | सहभागी शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छलफल विधि | १० | ८३.३३% |
| २ | प्रदर्शन विधि | ८ | ६६.६६ % |
| ३ | अवलोकन भ्रमण विधि | ६ | ५०% |
| ४ | सहभागिता विधि | ३ | २५ % |
| ५ | प्रयोगात्मक (अभ्यास विधि) | ९ | ७५ % |
| ६ | योजनाकार्य विधि | ३ | २५% |

स्रोत सर्वेक्षण - २०६७

स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि कुन कुन विधि उपयूक्त हुन्छ भनी सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा छलफल विधि छनोटमा ८३.३३%, प्रदर्शन विधिमा ६६.६६%, अवलोकन भ्रमण विधिमा ५०%, सहभागिता विधिमा २५%, प्रयोगात्मक (अभ्यास) विधिमा ७५% र योजना कार्य विधिमा २५% शिक्षकहरुले सहमति व्यक्त गरेको पाइयो । उपरोक्त तथ्याङ्कलाई अझ प्रष्ट पार्न तल वृतचित्रमा प्रस्तुत छ ।

**वृतचित्र ५, स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि शिक्षण विधिको छनोट**




**सङ्केत**

१.छलफल विधि

२.प्रदर्शन विधि

३.अवलोकन भ्रमण विधि

४.सहभागिता विधि

५.प्रयोगात्मक विधि

६.योजनाकार्य विधि

### ४.१.७ स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि शैक्षिक सामाग्रीका निर्माण तथा छनोट


पाठ्यक्रमद्वारा निर्देशित कुनै पाठ्को निर्धारित उद्वेश्य प्राप्तिका लागि शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने विभिन्न प्रकारका श्रव्य, दृश्य र श्रव्यदृश्य एवम् अन्य आवश्यक सामाग्रीको प्रयोग गरिन्छ। स्थानीय पाठ्यक्रमका लागि कस्ता शैक्षिक सामाग्रीहरु प्रयोग गर्न सकिन्छ भनी १२ जना शिक्षकहरुलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्न तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५, स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि शैक्षिक सामाग्रीको निर्माण तथा छनोट**

| क्र.सं. | शैक्षिक सामाग्री | सहमति प्रकट गर्ने शिक्षक सङख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ठोस/वास्तविक वस्तु | ८ | ६६.६६% | |
| २ | नमुना | ४ | ३३.३३% | |
| ३ | चित्र/तस्विर | ७ | ५८.३३% | |
| ४ | अन्य | ३ | २५ % | |

स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि कस्ता कस्ता शैक्षिक सामाग्रीहरु प्रयोग गर्न सकिन्छ भनी साधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा ६६.६६% शिक्षकहरुले ठोस र वास्तविक वस्तु प्रयोग गर्नु पर्नेमा सहमति व्यक्त गरे । नमुना प्रयोगमा ३३.३३%, चित्र/तस्विरको प्रयोगमा ५८% र अन्य समाग्रीको प्रयोगमा २५% शिक्षकहरुले आफ्नो सहमति दिएको पाइयो । उपरोक्त तथ्याङ्कलाई अझ प्रष्ट पार्न तल वृत चित्रमा देखाइएको छ ।

**वृतचित्र ६, स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि शैक्षिक सामाग्रीको निर्माण तथा छनोट**




**सङ्केत**
**प्रतिशतमा**
१.ठोस/वास्तविक वस्तु
२.नमुना
३.चित्र/तस्विर

### ४.१.८ स्थानीय पाठ्यक्रमको मूल्याङकन प्रक्रिया

सामान्यतय पाठ्यक्रमले राखेका अपेक्षित उद्देश्यहरु पुरा भए वा भएनन् भनी विभिन्न साधनहरु(लिखित परीक्षा, मौखिक परीक्षा, अवलोकन, रुजु सूची आदि ) को प्रयोग गरी विद्यार्थीहरुको लेखाजोखा गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन विना कुनै पनि योजना सफल भए नभएको जानकारी प्राप्त नहुने हुनाले स्थानीय पाठ्यक्रमको मूल्याङ्कन महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस शोध अध्ययनमा समेत स्थानीय पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको रुपमा प्रयोग हुने विषयका लागि कस्ता कस्ता मूल्याङ्कन प्रक्रियाहरु अपनाएको रहेछ भनी प्र.अ. हरुलाई सोधिएको बन्द प्रश्नबाट प्राप्त उत्तरहरुलाई निम्नानुसार तालिकामा देखाइएको छ ।


**तालिका ६, स्थानीय पाठ्यक्रमको मूल्याङकन प्रक्रिया**

| क्र.सं. | विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिखित परीक्षाको माध्यमबाट | ३ | ५० % |
| २ | अवलोकन, कार्यक्रममा सहभागी भएको आधार तथा प्रतिवेदनको मूल्याङ्कन गरेर | ३ | ५० % |

स्रोतः प्रश्नावली फारम,२०६७।

माथिको तालिकाबाट स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुको मूल्याङ्कन कसरी गरिन्छ भनी सोधिएको प्रश्नहरुबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा ६ जना मध्ये ३ जना प्र.अ.हरुले लिखित परीक्षालाई अंगालेको र ३ जना प्र.अ.हरुले अवलोकन, कार्यक्रममा सहभागी भएको आधार तथा प्रतिवेदनको मूल्याङ्कन गरेर मूल्याङ्कन गरिएकोमा सहमति प्रकट गरेको पाइयो । स्थानीय पाठ्यक्रम निर्देशिका (२०६४) मा स्थानीय पाठ्यक्रममा राखिएका विषयवस्तुहरु 'गरेर सिक्ने' विधिमा निर्धारण गरिने भएकाले विद्यार्थीहरु विभिन्न कार्यक्रमहरुमा सहभागी भएको आधार, प्राप्त प्रतिवेदनको मूल्याङ्कन विद्यार्थीहरुको क्रियाकलापको अवलोकन आदिका आधारमा मूल्याङ्कन गरिनुपर्ने उल्लेख गरको भएतापनि विद्यालयहरुले स्थानीय पाठ्यक्रमको राम्रो अध्ययन नगरी मूल्याङ्कन प्रक्रिया अगाडी बढाएको पाइयो ।

**वृतचित्र ७, स्थानीय पाठ्यक्रमको मूल्याङकन प्रक्रिया**




सङ्केत

१.लिखित परीक्षाको माध्यमबाट

२.अवलोकन, कार्यक्रममा सहभागी भएको आधार तथा प्रतिवेदनको मूल्याङ्कन गरेर

## ४.२ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखिएका समस्याहरु सम्बन्धमा सहभागीहरुको प्रतिक्रिया

स्थानीय पाठ्यक्रम निर्माणमा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक तथा वि.व्य.स.का पदाधिकारीहरुलाई सोधिएको प्रश्नावलीबाट प्रतिक्रियाहरुलाई छुट्टाछुट्टै रुपमा तल व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरु सम्बन्धमा प्रधानाध्यापकको धारणा

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा के कस्ता समस्याहरु रहेका छन् भनी नमुना छनोटमा परेका ६ वटा विद्यालयका ६ जना प्रधानाध्यापकहरुलाई सोधिएका प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्न तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरु सम्बन्धमा प्रधानाध्यापकको धारणा**

| क्र.सं. | समस्याहरु | प्र.अ. | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १ | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न बजेट अभाव हुनु | ६ जना | १००% |
| २ | स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु | २ जना | ३३.३३% |
| ३ | स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोत साधनको अपर्याप्त हुनु | ६ जना | १००% |
| ४ | स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक बनाउन नसक्नु | ३ जना | ५०% |
| ५ | स्थानीय पाठ्यक्रम समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ तथा स्रोतव्यक्तिहरुको अभाव | ६ जना | १००% |
| ६ | स्थानीयस्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नसक्ने जनशक्ति नहुनु | ६ जना | १००% |
| ७ | निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग गर्न नसक्नु | २ जना | ३३.३३ |
| ८ | विद्यार्थीहरको रुची र चाहानामा भिन्नता | २ जना | ३३.३३% |
| ९ | स्थानीय पाठ्यक्रम अनुगमन र निरीक्षण व्यवस्था नहुनु | १ जना | १६.६६% |
| १० | स्थानीय पाठ्यक्रम निर्माण गर्ने संयन्त्रको निर्माण हुन नसक्नु | १ जना | १६.६६% |
| ११ | अभिभावकहरको अङग्रेजी भाषा प्रति मोह | ३ जना | ५०% |

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरु बारे प्र.अ.हरुबाट प्राप्त प्रतिक्रियाहरुलाई विश्लेषण गर्ने क्रममा नमुना छनौट परेका १००% प्र.अ.हरुले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न बजेट अभाव हुनुलाई पाठ्यक्रम निर्माण र प्रयोगमा प्रमुख समस्या देखे । स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु ३३.३३ प्र.अ.हरुले समस्याको रुपमा देखे । स्थानीयस्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नसक्ने जनशक्ति नहुनुमा १००% प्र.अ.ले सहमति देखाए । स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक बनाउन नसक्नु समस्याका रुपमा ५०% प्र.अ.हरुले सहमति जनाए । १००% प्र.अ. हरुले स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोत साधनको अपर्याप्त हुनुलाई निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग गर्न नसक्नु ३३.३३% प्र.अ.ले सहमति जनाए । विद्यार्थीहरुको रुची र चाहानामा भिन्नता रहेकाले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न समस्या भएकोमा ३३.३३% प्र.अ.हरुले सहमति जनाए । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग पश्चात अनुगमनको अभावको कारण स्थानीय पाठ्यक्रममा समस्या भएकोमा १६.६६% प्र.अ.ले सहमति जनाए । स्थानीय पाठ्यक्रम निर्माण गर्ने संयन्त्रको निर्माण हुन नसक्नुमा १६.६६% प्र.अ.हरुले सहमति व्यक्त गरे । अभिभावकको अङग्रेजी भाषा प्रतिमोह भएकाले स्थानीय पाठ्यक्रम निर्माण नगरी बजारमा उपल्ब्ध अङ्ग्रजी भाषाका पाठ्यपुस्तकलाई नै उपयोग गरिनु पनि समस्याको रुपमा रहेकाले यसमा सहमति जनाउने प्र.अ.हरु ५०% रहेको पाइयो ।

### ४.२.२ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा शिक्षकको धारणा

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आईपर्ने समस्या सन्दर्भमा छनोटमा परेका १२ जना शिक्षकहरुलाई सोधिएको प्रश्नबाट प्राप्त सुझावहरुलाई तल तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका ८, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा शिक्षकको धारणा**

| क्र.सं. | समस्याहरु | शिक्षकहरु | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १ | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न बजेट अभाव हुनु | ६ जना | ६६.६४ |
| २ | स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु | ६ जना | १६.६६ |
| ३ | स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोत साधनको अपर्याप्त हुनु | ६ जना | ५०% |
| ४ | स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक बनाउन नसक्नु | ६ जना | ३३.३२ |
| ५ | स्थानीय पाठ्यक्रम समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ तथा स्रोतव्यक्तिहरुको अभाव | ६ जना | ५० |
| ६ | स्थानीयस्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नसक्ने जनशक्ति नहुनु | ६ जना | ५० |
| ७ | निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग गर्न नसक्नु | ६ जना | ५० |
| ८ | विद्यार्थीहरको रुची र चाहानामा भिन्नता | ६ जना | ५० |
| ९ | प्रयोग गर्न कठिनाई | ७ जना | ५८.३३ |

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा देखिएका समस्या वारे शिक्षकहरुलाई सोधिएको प्रश्नावली बाट प्राप्त प्रतिक्रियाहरुलाई विशलेषण गर्दा ६६.६६%

शिक्षकहरुले आर्थिक समस्यालाई समस्याका रुपमा देखे । स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु १६.६६% ले सहमति जनाए । स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोत साधनको अपर्याप्त हुनु ५०%स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक बनाउन नसक्न ३३.३२%, स्थानीय पाठ्यक्रम समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ तथा स्रोतव्यक्तिहरुको अभावलाई समस्याका रुपमा लिने शिक्षकहरु ५०% रहेको पाइयो । स्थानीयस्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नसक्ने जनशक्ति नहुनु  ५०% पाइयो । निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग गर्न नसक्नु ५०%, विद्यार्थीहरुको रुची र चाहानामा भिन्नता हुनुलाई  समस्याको रुपमा देख्ने शिक्षकहरु ५०% पाइयो । ५८.३३% शिक्षकहरुले स्थानीय पाठ्यक्रम प्रयोग गर्न कठिनाईर्लाइ समस्या रुपमा लिएको पाइयो ।

### ४.२.३ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा वि.व्य.स. पदाधिकारीको धारणा

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइ पर्ने समस्याहरु सन्दर्भमा छनोटमा परेका ६ वटा विद्यालयहरुका ६ जना पदाधिकारीहरुलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई व्याख्या र विश्लेषण गर्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा वि.व्य.स.पदाधिकारीको धारणा**

| क.सं. | समस्याहरु | वि.व्य.स. पदाधिकारी | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १ | आर्थिक समस्या | ६ जना | १०० |
| ४ | तालिमको अभाव | ५ जना | ६६.६६ |
| ६ | स्थानीय पाठ्यक्रम विज्ञहरुको अभाव | ३ जना | ५० |
| ८ | स्थानीय पाठ्यक्रम निर्माण जनशक्तिको अभाव | १ जना | १६.६६ |
| ९ | भाषिक समस्या | ३ जना | ५० |
| १० | चेतना स्तरको अभाव | ३ जना | ५० |
| ११ | विद्यार्थीहरको रुची र चाहानामा भिन्नता | १ जना | १६.६६ |

छनोटमा परेका विद्यालयहरुका वि.व्य.स.का पदाधिकारीहरुलाई स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्दा देखा पर्न सक्ने समस्याहरु सम्बन्धमा सोधिएको प्रश्नको उतरहरुलाई विश्लेषण गर्दा आर्थिक समस्यामा १००%, तालिमको अभावमा ६६.६६%, स्थानीय पाठ्यक्रम विज्ञहरुको अभावमा ५०% वि.व्य.स. पदाधिकारीको मत देखियो भने स्थानीय पाठ्यक्रम निर्माणमा दक्ष जनशक्तिको अभावमा १६.६६% शिक्षकहरु सहमत देखियो । विद्यालयमा भाषिक समस्या र सरोकारवालाहरुको चेतना स्तरको अभावमा क्रमश: ५०%, ५०% र विद्यार्थीहरुको रुची र चाहानामा भिन्नतामा १६.६६% रहेको पाइयो ।

### ४.२.४ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा अभिभावकहरुको धारणा

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा अभिभावकहरुको धारणा के रहेछ भनी बुझ्नका लागि १२ जना अभिभावकहरु संग सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई व्याख्या र विश्लेषण गर्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १०, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा अभिभावकको धारणा**

| क्र.सं. | समस्याहरु | अभिभावक | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| १ | आर्थिक समस्या | १० जना | ८३.३३ |
| २ | विषयवस्तु छनोटमा समस्या | ८ जना | ६६.६६ |
| ३ | भाषिक समस्या | ८ जना | ६६.६६ |
| ४ | विद्यार्थीहरको रुची र चाहानामा भिन्नता | २ जना | १६.६६ |
| ५ | अभिभावकहरको अङग्रेजी भाषा प्रति मोह | ५ जना | ४१.६६ |

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरुवारे अभिभावकहरुको धाराणा विश्लेषण गर्दा आर्थिक समस्यामा ८३.३३% अभिभावकले आफ्नो राय प्रकट गरे । विषयवस्तु छनौटको समस्यामा ६६.६६% अभिभावकहरुको राय पाइयो । भाषिक समस्यालाई समस्याका रुपमा लिने अभिभावकहरु पनि ६६.६६% नै देखियो भने विद्यार्थीहरुको रुची र चाहानामा भिन्नतामा १६.६६% र अभिभावकहरुको अङ्ग्रेजी भाषा प्रतिमोहमा ४१.६६% अभिभावहरुले आफ्नो राय पेश गरे ।

## ४.२.५ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरु सम्बन्धमा श्रोत व्यक्ति तथा स्थानीय पाठ्यक्रम विज्ञको धारणा

स्थानीय निकायमा गाउँ शिक्षा समिति निष्कृय रहेको, सरोकारवालाहरुमा स्थानीय पाठ्यक्रमको अवधाराणाको जानकारी नहुनु, विद्यालयहरुमा आर्थिक अभाव, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा स्थानीय तहमा एकरुपता नहुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अनुगमनको व्यवस्था नहुनु आदिलाई स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरुका रुपमा प्रस्तुत गरेको पाइयो ।

## ४.३ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरुको व्यवस्थापनका लागि सुझावहरु

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरुलाई समाधान गर्न के कस्ता उपायहरु हुन सक्छन भनी ६ जना प्र.अ., १२ जना शिक्षक, ६ जना वि.व्य.स. पदाधिकारी, १२ जना अभिभावक, १ जना श्रोत व्यक्ति, १ जना स्थानीय पाठ्यक्रम विद्व र २ जना स्थानीय निकायका पदाधिकारीहरुबाट प्राप्त सुझावहरलाई विश्लेषण गरिएको छ ।

## ४.३.१ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरुको व्यवस्थापनका लागि प्र.अ.बाट प्राप्त सुझावहरु

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा के कस्ता समस्याहरुका समाधानका उपायहरु सम्बन्धमा रहेका छन् भनी नमुना छनोटमा परेका ६ वटा विद्यालयका ६ जना प्रधानाध्यापकहरुलाई सोधिएका प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्न तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरु व्यवस्थापनका लागि प्र.अ.बाट सुझावहरु**

| क्र.स. | समस्याहरु | प्र.अ. | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| ०१ | स्थानीयसरोकारवालाहरुलाई सचेतीकरणको व्यवस्था गरेर | ५ | ८३.३३ |
| ०२ | स्थानीय पाठ्यक्रमको लागि आर्थिक व्यवस्थापन गरेर | २ | ३३.३३ |
| ०३ | दक्ष जनशक्तिको व्यवस्था गरेर | ३ | ५० |
| ०४ | तालिमको व्यवस्था गरेर | ३ | ५० |
| ०५ | विज्ञहरुको छनौट गरेर | ३ | ५० |
| ०६ | स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगका लागि सम्बन्धित निकायमा पहल गर्नु पर्ने | २ | ३३.३३ |

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखिएका समस्याका समाधानका उपायहरुमा ८३.३३% प्र.अ.हरुले स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको वारेमा सचेतीकरणको व्यवस्था गनु पर्नेमा जोड दिइएको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न आर्थिक व्यवस्था गर्नु पर्नेमा ३३.३३% ले मत प्रकट गरेको पाइयो । दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्नेमा ५०% प्र.अ.हरुले आफ्नो राय प्रकट गरेको पाइयो । शिक्षकहरलाई तालिमको व्यवस्था गर्नु पर्ने तथा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न विज्ञहरुको व्यवस्था गर्नु पर्नेमा क्रमशः ५०%, ५०% प्र.अ.हरुले आफ्नो अभिमत प्रकट गरेको पाइयो । स्थानीय निकायमा स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगका लागि पहल गर्नु पर्नेमा ३३.३३% प्र.अ.हरले राय प्रकट गरेको पाइयो ।

### ४.३.२ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरु व्यवस्थापनका लागि शिक्षकहरुबाट प्राप्त सुझावहरु

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरुका समाधानका लागि १२ जना शिक्षकहरुलाई सोधिएको प्रश्नहरुबाट प्राप्त सुझावहरुलाई तल तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका १२, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखा परेका समस्याहरु व्यवस्थापनका लागि शिक्षकहरुबाट प्राप्त सुझावहरु**

| क्र.स. | समस्याहरु | शिक्षक | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| ०१ | स्थानीय सरोकारवालाहरुलाई सचेतीकरणको व्यवस्था गरेर | ५ | ८३.३३ |
| ०२ | स्थानीय पाठ्यक्रमको लागि आर्थिक व्यवस्थापन गरेर | २ | ३३.३३ |
| ०३ | दक्ष जनशक्तिको व्यवस्था गरेर | ३ | ५० |
| ०४ | तालिमको व्यवस्था गरेर | ३ | ५० |
| ०५ | विज्ञहरुको छनौट गरेर | ३ | ५० |
| ०६ | स्थानीय निकायलाई स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगको लागि पहल गर्ने | १ | १६.६६ |

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरु समाधानका लागि शिक्षकहरुलाई सोधिएको प्रश्नबाट प्राप्त सुझावहरुलाई विश्लेषण गर्ने क्रममा स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको वारेमा सचेतीकरण गराउनु पर्नेमा ८३.३३%, आर्थिक व्यवस्थापन गर्नु पर्नेमा ३३.३३%, दक्ष जनशक्ति व्यवस्थापन गर्नु पर्नेमा ५०%, तालिमको व्यवस्था तथा विज्ञहरुको छनौटमा क्रमशः ५०%, ५०% शिक्षकरुले आफ्नो अभिमत जाहेर गरेको पाइयो । स्थानीय निकायमा स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगका लागि पहल गर्नु पर्नेमा १६.६६% शिक्षकले मत प्रस्तुत गरेको पाइयो ।

### ४.३.३ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आइपर्ने समस्याहरुका व्यवस्थापनका लागि वि.व्य.स.का पदधिकारीबाट प्राप्त सुझावहरु

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरुका समाधानका लागि ६ जना वि.व्य.स.का पदाधिकारीहरुलाई सोधिएको प्रश्नावलीबाट प्राप्त सुझावहरुलाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका १३, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आइपर्ने समस्याहरु व्यवस्थापनका लागि वि.व्य.स. पदधिकारीहरुबाट प्राप्त सुझावहरु**

| क.स. | समस्याहरु | वि.व्य.स. पदाधिकारी | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| ०१ | स्थानीय सरोकारवालाहरुलाई सचेतीकरणको व्यवस्था गरेर | ५ | ८३.३३ |
| ०२ | स्थानीय पाठ्यक्रमको लागि आर्थिक व्यवस्थापन गरेर | २ | ३३.३३ |
| ०३ | दक्ष जनशक्तिको व्यवस्था गरेर | ३ | ५० |
| ०४ | तालिमको व्यवस्था गरेर | ३ | ५० |
| ०५ | विज्ञहरुको छनौट गरेर | ३ | ५० |
| ०६ | स्थानीय निकायलाई स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगको लागि पहल गर्ने | १ | १६.६६ |

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरु समाधानका लागि वि.व्य.स.का पदाधिकारीहरुलाई सोधिएको प्रश्नबाट प्राप्त सुझावहरुलाई विश्लेषण गर्ने क्रममा स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको वारेमा सचेतीकरण गराउनु पर्नेमा ८३.३३%, आर्थिक व्यवस्थापन गर्नु पर्नेमा ३३.३३%, दक्ष जनशक्ति व्यवस्थापन गर्नु पर्नेमा ५०%, तालिमको व्यवस्था तथा विज्ञहरुको छनौटमा क्रमशः ५०%, ५०% अभिभावकहरुले आफ्नो अभिमत जाहेर गरेको पाइयो । स्थानीय निकायमा स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगका लागि पहल गर्नु पर्नेमा १६.३३% शिक्षकले मत प्रस्तुत गरेको पाइयो ।

### ४.३.४ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आइपर्ने समस्याहरुका व्यवस्थापनका लागि अभिभावकबाट प्राप्त सुझावहरु

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आई पर्ने समस्याहरुका समाधानका लागि १२ जना अभिभावकहरुलाई सोधिएको प्रश्नावलीबाट प्राप्त सुझावहरुलाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका १४, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आइपर्ने समस्याहरु व्यवस्थापनका लागि अभिभावकहरुबाट प्राप्त सुझावहरु**

| क.स. | समस्याहरु | अभिभावक | |
|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत |
| ०१ | स्थानीय सरोकारवालाहरुलाई सचेतीकरणको व्यवस्था गरेर | ६ | ५० |
| ०२ | स्थानीय पाठ्यक्रमको लागि स्रोत र साधनको व्यवस्था गरेर | ४ | ३३.३३ |
| ०३ | दक्ष जनशक्तिको व्यवस्था गरेर | ६ | ५० |
| ०४ | तालिमको व्यवस्था गरेर | ४ | ३३.३३ |
| ०५ | विज्ञहरुको छनौट गरेर | ३ | २५ |

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरु समाधानका लागि अभिभावकहरलाई सोधिएको प्रश्नबाट प्राप्त सुझावहरुलाई विश्लेषण गर्ने क्रममा स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको वारेमा सचेतीकरण गराउनु पर्नेमा ५०%, स्रोत र साधनको व्यवस्थापन गर्नु पर्नेमा ३३.३३%, दक्ष जनशक्ति व्यवस्थापन गर्नु पर्नेमा ५०%, तालिमको व्यवस्था तथा विज्ञहरुको छनौटमा क्रमशः ३३.३३%, ५०% शिक्षकरुले आफ्नो अभिमत जाहेर गरेको पाइयो ।

### ४.३.५ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आइपर्ने समस्याहरु व्यवस्थापनका लागि स्रोत व्यक्ति तथा स्थानीय पाठ्यक्रम विज्ञबाट प्राप्त सुझावहरु

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्या समाधानार्थ के कस्ता उपायहरु हुन सक्दछन भनी सोधिएको प्रश्नबाट प्राप्त सुभfवहरुलाई विश्लेषण गर्दा स्थानीय तहमा स्थानीय पाठ्यक्रम निमार्ण सम्बन्धि तालिम सम्पुर्ण सरोकारवालाहरुको पंहुचमा पुग्ने गरी सञ्चालन गर्नु पर्ने, स्थानीय तहमा विशेष गरी स्थानीयनिकाय (गाँउ शिक्षा समिति, जिल्ला शिक्षा समिति) मा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्रको निर्माण गरिनु पर्ने, स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सहभागिता व्यापक बनाउन सरोकारवालाहरका लागि सचेतना गोष्ठी छलफल जस्ता

कार्यक्रमहरु आयोजना गराउनु पर्ने, स्थानीय तहमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरिनु पर्ने, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.लगायत सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरिनु पर्ने, स्थानीय पाठ्यक्रममा समावेश गर्नु पर्ने क्षेत्रका विज्ञ वा स्रोत व्यक्तिहरु उपलब्ध गराउनु पर्ने, स्थानीय निकायमा स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी सम्बन्धित पदाधिकारीहरुलाई गराउनु पर्ने निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरेको पाइयो ।

### ४.३.६ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आइपर्ने समस्याहरु व्यवस्थापनका लागि स्थानीय निकायबाट प्राप्त धारणाहरु

यस अध्ययनका अध्ययन क्षेत्र बौद्धधाम स्रोत केन्द्र अन्तर्गतका ३ गा.वि.स. बौद्धधाम,गोर्खे र श्रीअन्तुका पदाधिकाहरुलाई स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखिएका समस्याहरुका व्यवस्थापन गर्न त्यस निकायले के कस्तो भूमिका खेल्न सक्छ भनी सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगका लागि आर्थिक र प्राविधिक सहयोगको माग गरेमा आवश्यक छलफल र परामर्श गरी सहयोग गर्ने, स्थानीय स्तरमा लोपोन्मुख भाषा र संसकृतिहरुलाई जर्गेनाका लागि स्थानीय निकायले बृहत रुपमा छलफल र वहस चलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा समन्वयकारी भूमिका खेल्न सक्ने प्रतिबद्धता जाहेर गरेको पाइयो ।

# परिचच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

स्थानीय आवश्यकतालाई सम्वोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनु पर्ने मान्यताले विश्वव्यापी रुपमा महत्व पाएको छ । एकातिर स्थानीय चाहाना, आवश्यकता, संस्कृति तर्फको लगाव बढ्दो छ भने अर्को तर्फ विश्वव्यापीकरणको प्रभावका कारण एक स्थानमा सिकेको ज्ञान, सीप विश्वको कुनै पनि स्थानमा गएर उपयोग गर्न सक्ने अवस्था सिर्जना भएको छ । शैक्षिक विकेन्द्रीकरणका धारण अनुरुप प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको व्यवस्था गरिएको भएता पनि यसको निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धमा प्रसस्त अध्ययन तथा खोज नएको सन्दर्भमा यस अध्ययनबाट आएका प्राप्तिहरु निम्नानुसार उल्लेख गरिएको छ ।

इलाम जिल्लामा ४४६ सामुदायिक विद्यालय रहेकोमा जसमध्ये ३०२ प्राथमिक विद्यालय रहेका र १४ स्रोतकेन्द्रहरु रहेकोमा बौद्धधाम स्रोत केन्द्र अन्तर्गत रहेर गरिएको यस अध्ययनमा छनौटमा परेका विद्यालयहरु मध्ये ३ वटा विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेको पाइयो ।

यस स्रोत केन्द्रका नमुना छनोटमा परेका विद्यालयहरु मध्ये ३ विद्यालयहले स्थानीय पाठ्यक्रम निर्माण गरेको भएतापनि हाल उर्गेन छयोइलिङ प्रा.विद्यालयले मात्र स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिरहेकोपाइयो । सिद्वदेवी प्राथमिक विद्यालयले भने लिम्वु भाषामा स्थानीय पाठ्यक्रम निर्माण गरेर केही बर्ष कार्यान्वयन गरेको भएतापनि विभिन्न समस्याहरुका कारण हाल कार्यान्वयन नगरेको पाइयो । मेची प्रा.विद्यालयले आलु खेतीको पाठ्यक्रम निर्माण गरेको भएतापनि विविध प्राविधिक कठिनाइका कारण कार्यान्वयन नगरेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि सचेतना सामाग्री (२०६५) मा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकताको आधारमा स्थानीय सरोकारवालाहरुको छलफल र सहयोगबाट स्थानीय भाषासंस्कृति, स्थानीय कृषि व्यवसाय, स्थानीय उद्योग व्यवसाय जस्ता पक्षहरुलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरी

कार्यान्वयन गर्नु पर्ने उल्लेख भएतापनि त्यसका सट्टा स्थानीय पाठ्यक्रमको मर्मलाई नै कुठराघात हुने गरी नमुना छनौटमा परेका एक विद्यालय बाहेक अन्य ५ विद्यालयहरुले स्थानीय पाठ्यक्रमको रुपमाअतिरिक्त अङ्ग्रेजी भाषालाई प्रयोग गरेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण गर्न स्रोत केन्द्रले सञ्चालन गरेको तालिम स्थानीय पाठ्यक्रम निर्माण गर्न  पर्याप्त नभएकोले स्थानीय पाठ्यक्रम निर्माण गर्न नसकेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरोकारवालाहरु शिक्षक बाहेक कसैलाई सम्बन्धित निकायबाट स्थानीय पाठ्यक्रम निर्माणमा सक्रिय भूमिका रहने स्थानीय निकाय तथा सरोकारवालाहरुलाई नै स्थानीय पाठ्यक्रमको सम्बन्धमामा जानकारी नदिनु सरकारी निकायको लार्पावाही भएकाले सरोकारवालाहरुले पाठ्यक्रम निर्माणका लागि खेल्नु पर्ने भूमिका खेल्न नसकेको पाइयो ।

स्थानीय तहमा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयनका लागि विद्यालयलाई उक्त शिर्षकमा आवश्यक बजेट व्यवस्था नगरेकाले स्थनीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न आर्थिक प्राविधिक पक्षका कारण विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग प्रभावित भएको पाइयो  ।

स्थानीय तहमा विशेष गरी स्थानीयनिकाय (गाँउ शिक्षा समिति, जिल्ला शिक्षा समिति) मा पाठ्यक्रम विकास, निमार्ण एवम् कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्रको निर्माण नहुनुले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन नभएको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण गर्ने तालिम दिएर स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भए नभएको सुपरिवेक्षण र अनुगमन गर्ने व्यवस्था नभएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग ज्यादै फितलो रहेको पाइयो ।

## ५.२ निष्कर्षहरु

अध्ययन क्षेत्रको विशलेषण र हात लागेका उपलब्धिहरुबाट अध्ययनकर्ताद्वारा निम्न लिखित निष्कर्षहरु निकालिएको छ । यी निष्कर्षहरुले राष्ट्रिय प्रतिनिधित्व गर्दै स्थानीय पाठ्यक्रमको क्षेत्रमा पनि निर्णायक भूमिका खेल्न सक्छन भन्ने कुरालाई नर्कान सकिन्दैन । स्थानीय पाठ्यक्रम निर्माणको अवस्थालाई अध्ययन गर्दा ६ वटा विद्यालयहरु मध्ये १ विद्यालयहरुमा मात्र स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थामा रहनु स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था कमजोर रहनु हो ।

अध्ययन क्षेत्रका ६ वटा प्राथमिक विद्यालयहरुमा  स्थानीय पाठ्यक्रमको निर्माण गर्न सवै विद्यालयहरुका १/१ शिक्षकहरुलाई तालिम प्रदान गरेको भएतापनि उक्त तालिम पर्याप्त नभएकाले धेरै विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण नै गर्न नसकेको र केही विद्यालयहरुले निर्माण गरेको भएतापनि अन्य प्राविधिक सहयोग सम्बन्धित निकायबाट प्राप्त हुन नसक्दा निर्माण भएको स्थानीय पाठ्यक्रम पनि यतिकै खेर गएको देखिन्छ । केही विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेर प्रयोग गरेको भएतापनि विविध समस्याको कारण विचैमा छाडेको पाइन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनमा देखिएका र भोगिएका कुराहरुका आधारमा केन्द्रीय (नीति निर्माण) तह, जिल्ला (कार्यान्वयन) तह तथा विद्यालय (स्थानीय) तहका लागि छुट्टाछुट्टै रुपमा व्यवहारिक सुझावहरु पेश गरिएको छ ।

### ५.३.१ स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग सम्बन्धमा केन्द्रीय नीति निर्माण तहका लागि सुझावहरु

२०४९ सालको प्राथमिक तहको पाठ्यक्रममा १०० पूर्णाङ्, पाठ्यभार कक्षा १–३ मा पाठ्यभार ३ र कक्षा १–५ मा पाठ्यभार ४ को व्यवस्था गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नु पर्ने उल्लेख भएतापनि त्यसको कार्यान्वयन पक्ष ज्यादै फितलो देखिएकाले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण संयन्त्र गठन गर्ने व्यवस्था उल्लेख नभएकाले त्यस्ता संयन्त्र गठनको व्यवस्था केन्द्रीय निकायले ऐन तथा कानुन अन्तर्गत गरिनु पर्छ । यस्ता संयन्त्रका अधिनमा रहेर प्रत्येक विद्यालयले आफ्नो आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिनु पर्दछ ।

प्राथमिक शिक्षा पाठ्यक्रममा स्थानीय विषय वा मातृभाषा भनी उल्लेख गरिएकाले स्थानीय विषय ओझेलमा परेको देखिन्छ भने स्थानीय आवश्यकता अनुसारको विषयवस्तु छनोट गर्न पाउने भनेर स्थानीय पाठ्यक्रमलाई परिभाषा गरिदिंदा धेरै जसो विद्यालयहरुले विद्यालय तथा स्थानीय आवश्यकता भनी अतिरिक्त अङ्ग्रेजी विषयलाई प्रयोग गर्दा स्थानीय पाठ्यक्रमको परिभाषा तथा नीतिगत अन्यौलता देखिन्छ जसले गर्दा स्थानीय पाठ्यक्रमको गलत अर्थ र प्रयोग भएकाले यस्ता नीतिगत अस्पष्टता हटाउनु पर्छ ।

केन्द्रीय निकायबाट नै स्थानीय पाठ्यक्रम विकास र निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.लगायतका सरोकारवालाहरुलाई समबन्धित निकायबाट क्षमता अभिवृद्धिका कार्यक्रमहरु आयोजना गर्ने व्यवस्था गर्नु पर्ने ।

स्थानीय पाठ्यक्रम निर्माणका लागि केन्द्रीय निकायबाट बजेट व्यवस्था गरिनु पर्छ भने स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण र विकासका लागि विज्ञहरुको व्यवस्था गरिनु पर्ने सुझाव दिएको पाइयो ।

### ५.३.२ जिल्ला (कार्यान्वयन) तहका लागि सुझावहरु

स्थानीय पाठ्यक्रम सम्बन्धि दिइएको गोष्ठी पर्याप्त नभएकाले सम्बन्धित निकायबाट तालिम तथा पुर्नताजगी तालिमको व्यवस्था गरिनु पर्दछ । स्थानीय पाठ्यक्रम निर्माण गर्ने विद्यालयको रेर्कड राखी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने विद्यालयहरुलाई पुरस्कृत गर्ने र स्थानीय पाठ्यक्रम निर्माण नगर्ने विद्यालयलाई पाठ्यक्रम निर्माणका लागि हौसला प्रदान गर्ने व्यवस्था सम्बन्धित जिल्ला शिक्षा कार्यालयले गर्नु पर्छ ।

एउटा स्रोत केन्द्र भरी विषय र आवश्यकता मिलेमा एउटै पाठ्यक्रम निर्माण गर्न स्रोत केन्द्रले पहल गर्नु पर्छ । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग भए नभएको हेर्ने अनुगमन समिति गठन गरिनु पर्दछ ।

### ५.३.३ स्रोत केन्द्र तथा विद्यालय (स्थानीय) तहका लागि सुझावहरु

स्थानीय पाठ्यक्रमको बारेमा विद्यार्थी , अभिभावक, वि.व्य.स. स्थानीय निकाय जस्तै गाउँ शिक्षा समिति, गा.वि.स., स्थानीय सङ्घ संस्था जस्ता विद्यालयमा प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई जानकारी नभएकाले यस्ता सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी गराउन सचेतना गोष्ठी, छलफल, आम भेला, घरदैलो जस्ता कार्यक्रमहरु मार्फत जानकारी गराउनु पर्छ ।

विद्यालयहरुले निर्माण गर्ने स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनका लाागि स्रोत केन्द्रले समन्वयकारी भूमिका खेल्नु पर्ने ।

एउटा स्रोत केन्द्र भरी विषय र आवश्यकता मिलेमा एउटै पाठ्यक्रम निर्माण गर्न स्रोत केन्द्रले पहल गर्नु पर्छ । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग भए नभएको हेर्ने अनुगमन समिति गठन गरिनु पर्दछ ।